₹ 10/-

सन्त निरंकारी (नेपाली)

फेब्रुवरी जनवरी २०१४



सन्त निरंकारी कलोनी दिल्लीमा दर्शन-भेट गरी सद्गुरु बाबा जीबाट आशीर्वाद प्राप्त गर्नुहुदै श्रीमति शीला दीक्षित

सद्गुरु बाबा जीको छत्रछायामा आयोजित ६६औं निरंकारी सन्त समागमको सेवामा योगदान दिइरहेका श्रद्धालुहरुलाई दुध र जिलेबी वितरण गर्नुहुदैपूज्य माता जी

दिल्लीको होटल 'दि रोयल प्लाझा' मा आयोजित 'मिस्टिक फेअर' मा सन्त निरंकारी चेरिटेबल फाउण्डेशनको स्टलमा उपस्थित्विशिष्ट अतिथिगणहरु

सन्त निरंकारी

फेब्रुवरी- २०१४

सम्पादक : पूर्ण कुमाल बर्ष-६ अंक-०२

सह-सम्पादक : सुरेन्द्र खड्का

कार्यकारी सम्पादक : मिन ब.सुनार

उप-सम्पादक : अर्जुन मयालती

विषय - सूचि

सम्पादकीय.....पूर्ण कुमाल.....२

दास.....निर्मल जोशी.....३

प्रार्थना-एक विश्वास-राजवास देव सिंह.....५

प्रस्थान.....साभार.....८

श्री गुरुबचनामृत.....निरंकारी बाबा.....१३

सन्त निरंकारी मिशनका

पाँच प्रण.....साभार.....२१

गुरु मर्यादामा नै रहौं.....विकास अरोडा.....२७

पत्रिका सम्बन्धि विचार

गोष्ठिको आयोजना.....पूर्ण कुमाल.....२९

मानव श्रृंखलाको आयोजना.....अमर ताम्राकार...३१

भन्छ अवतार.....अर्जुन मयालती.....३२

राष्ट्र	वार्षिक	आजीवन सदस्य (२० वर्षसम्म)
भारत/नेपाल	₹ 100	₹ 1000(भारु)
इंग्लैण्ड	£ 12	£ 150
अमेरिका	$ 20	$ 250
युरोप	€ 15	€ 200
क्यानेडा	$ 25	$ 300

प्रति अंक ` १०/- (भारु)

कार्यलय/पत्रचार ठेगाना

पत्रिका विभाग
सन्त निरंकारी सत्सङग भवन
५०, मोरबाग रोड, दादर, मुम्बई-४००० १४
फोन/फ्याक्स– 24102047
www.nirankari.org
email : kumalpurna54@gmail.com

मालिक
सन्त निरंकारी मण्डल
सन्त निरंकारी सत्संग भवन
माहूल रोड चेम्बूर,
मुम्बई- ४०००७४
फोन नं.- २४१०५७४९

नोट : लेखकको विचारसंग सम्पादकको सहमति हुनु अनिवार्य छैन् ।

सन्त निरंकारी मडल (चेम्बुर) को लागि मुद्रक एवं प्रकाशक- श्री चंद्रकांत अनंत आधवद्वारा संतोष प्रिंटस, जय शिवाजीनगर, कात्रक रोड, बेस्ट डिपोको नजिक वडाला, मुम्बई-४०००३१ बाट मुद्रीत सन्त निरंकारी सत्संग भवन, ५०, मोरबाग रोड, दादर (पूर्व), मुम्बई-४०००१४ बाट प्रकासित, सम्पादक- पूर्ण कुमाल

सम्पादकीय
समदृष्टा सन्तको लक्षण

समदृष्टि प्राप्त हुनु वा परमात्मामा स्थित हुनु दुवै एक जस्तै अवस्थाहरु हुन, जसलाई मानव जन्मको पूर्णता मान्ने गरिन्छ । जसको अन्तः करण समतामा स्थित छ, त्यसले यस जीवित-अवस्थामा नै सम्पूर्ण संसारलाई जिति सकेको हुन्छ, किनभने ब्रम्हा निर्दोष तथा सम छ, त्यसैले ऊ ब्रम्हामा नै स्थित छ ।

पदार्थको प्रति समदृष्टिको तात्पर्य हो, हिरा-जुहारात, सुन-चाँदी अथवा माटो-बालुवा आदिमा भेद नसम्झनु । मानव मात्रको प्रति समदृष्टि, उसको अनुकूल-प्रतिकूल कार्य, विचार तथा स्वभावमा पनि विषम भाव र प्रतिक्रिया नहुनु हो । यस्तो मनस्थिति तब सम्भव छ, जब मानव सबै ठाउँमा ब्रम्हाको वास देख्छ र परहितको भावनाबाट परिपूर्ण हुन्छ। त्यसपछि उसले सबैलाई आफ्नो सम्झेर माया प्रेम गर्न थाल्छ । यसरी युद्धमा घाईते भएका शत्रु पक्षका सैनिकलाई आपनत्वको भावनाबाट पानी पिलाउनु समदृष्टा हुनुको एक ठूलो उदाहरण हो । सुख-दुःख, लाभ-हानि, प्रशंसा-निन्दा, मान-अपमान सबैमा एकरस, राग-द्वेष, लोभ-मोह तथा लालचबाट माथि उठेर अविनाशी परमात्मालाई श्वास-श्वासमा सुमिरण गर्दै निर्लिप्त तथा सहज अवस्थालाई प्राप्त गर्नुमा नै समता तथा मानव जीवनको पूर्णता हो । आफ्नो शरीरमा जस्तै सर्वत्र ब्रम्हा समायको देखेर अर्काको पिर-मर्का तथा हर्ष आफ्नो हुन जान्छ । परमार्थको भावनाको प्रबलताको कारण सबैलाई सुख पुगाउने लगन जागृत हुन थाल्छ ।

तेत्रा युगका लंकापति रावणलाई विषमता तथा अधर्मको प्रतीक मानेर दशानन (दश टाउको वाला) को संज्ञा प्रदान गरिएकोछ । आजको युगमा त मानव अनगिन्ति मुखौटे लगाएर जीवन यापन गर्नेलाई सफलताको निशानी मान्दछ । आफ्नो वा पराईको लागि, प्रियजन वा अप्रियको लागि, शक्तिशाली या निर्बलको लागि, धनाढ्य या निर्धनको लागि, उच्च या निम्न पदाधिकारिहरुको लागि तथा अनुकूल-प्रतिकूल स्वभाव भएकाहरुको लागि उसको जति पनि भिन्न-भिन्न अनुहार तथा भाव प्रदर्शित भएको स्पष्ट देख्न सकिन्छ । यी सबै अवस्थाहरुको उपरान्तमा समदृष्टिमा स्थित रहनु कुनै साधारण उपलब्धि होइन तर यो नै जीवनको सार वा अध्यात्मको चरम अवस्था हो ।

हामीलाई स्वाभविक रुपमा प्रश्न उठ्छ कि यस चरम अवस्थालाई कसरी प्राप्त गर्न सकिन्छ वा यस अवस्थाको मापदण्ड के रहेकोछ ? सबै जड-चेतनमा समान ब्रम्हा समायको देखेर सबैसंग प्रेम जागृति हुनथाल्छ भने त्यो समदृष्टिको अग्रसर हो । यो कुनै प्रियजन तथा प्रिय वस्तुलाई देखेर उत्पन्न भएको प्रेम होइन, त्यसको अलावा स्वयंमा भित्र प्रस्फुटित भएको प्रेमको झरना हो । यो प्रेम रुपी वेग आफ्नो-पराया तथा ठूला-सानोलाई देख्दैन, केवल प्रेमको धाराको अटूट प्रवाह सहजरुपमा अगाडि बढ्दै जान्छ । कुनै अनुकूल-प्रतिकूल स्थिति यस पावन प्रवाहमा बाँधा बन्ने क्षमता राख्न सक्दैन । यो नै त्यो अवस्था हो, जब मानव ब्रम्हको समान भएर यसैमा स्थित हुने गर्दछ । यसै पवित्र प्रेमसंगै श्रद्धा, नम्रता, सहनशीलता तथा विशालताका गुणहरु स्वयंको हृदयमा वास गर्न थाल्छ । अतः यही नै त्यो मापडण्ड हो जुन निर्मल चित्त, सहज अवस्था, जीवन मुक्ति तथा परमात्मतत्वको प्राप्तिको साधन बन्दछ ।

आजको युगमा पनि निरंकारी बाबा हरदेव सिंह जी महाराज ब्रम्हाज्ञानद्वारा समदृष्टि प्रदान गरेर मानवको उद्धार गरिरहनु भएकोछ । आवश्यकता रहेकोछ केवल यस विभूतिको चरण कमलमा यथार्थ समर्पणको । यदि समर्पण पूर्ण छ भने चित्तमा समदृष्टि वा प्रेमलाई जागृति गरेर सद्गुरु रुपी नाउलेले स्वयं नै जीवन डुङ्गालाई सहजता र सुगमतावाट पार तार्ने गर्दछ ।

पूर्ण कुमाल
kumalpurna54@gmail.com

दास ?

-निर्मल जोशी

मानव स्वभाववाट नै आफ्नो प्रशंसा सुन्नको लागि ईच्छुक हुन्छ तर आफ्नो जय-जयकार गर्नको लागि अथवा आफ्नो अहंकारको सन्तुष्टिको लागि केही व्यक्ति तल्लोभन्दा तल्लो स्तरको कार्य गर्न कुनै संकोच मान्दैनन् । धर्म, समाज तथा राष्ट्रलाई त यस्ता व्यक्तिहरुबाट धेरै हानी हुने गर्दछ । साहित्य र संस्कृतिहरु पनि तिनीहरुबाट दूषित हुनबाट बच्न सक्दैनन् । राम्रो भावलाई प्रकट गर्ने शब्द खराबभन्दा खराब प्रभावलाई दिने बन्दछन् । 'दास' शब्द पनि यिनीहरु मध्येको एक हो । यस शब्दलाई आज धार्मिक, सामाजिक तथा राजनैतिक नेतागण आफ्नो बडप्पनको धाक जमाउनको लागि निकै प्रयोग गर्दछन् । समाजलाई आफ्नो इशारामा चलाउनेहरु समाजको दास, जनतामाथि राज्य गर्नेहरु जनताको दास अथवा धर्मलाई आफ्नो स्वाथार्थ प्रयोग गर्नेहरु धर्मको सेवादार बन्ने गर्दछन् । यसप्रकार 'दास' शब्दको दुरुप्रयोग हुनुबाट आज साधारण व्यक्ति यस पवित्र शब्दलाई छल-कपटको घोतक सम्झन लागेकाछन् र विस्तारै विस्तारै जनसाधारणलाई यस शब्दबाट नै रिस-राग उत्पन्न हुँदै गइरहेकोछ ।

वास्तवमा 'दास' भन्ने व्यक्तिहरुलाई तीन कुरा स्वीकार गर्नु पर्दछ । पहिलो यो हो कि उसको कुनै स्वामी छ, अर्को त्यसले स्वामीको अगाडि आत्मसमर्पण गरेकोछ र तेस्रो कुरा यो हो कि अब ऊ स्वतन्त्र छैन् । यस परिभाषाको अनुसार विचार गरौ भने स्पष्ट थाह हुन्छ कि यी तिनै कुराहरुको पूर्णतः पालन त्यतिबेला हुन सक्छ, जबकि स्वामी स्वयंमा पूर्ण हो । स्वामीको लागि पनि अनिवार्य छ कि ऊ हर पल आफ्नो दासको संरक्षण गर्न सकोस । यदि यस्तो भएन र स्वामी नै कमजोर भयो भने कहिलै पनि डरेर अथवा वातावरणबाट प्रभावित भएर अथवा आफ्नो स्वार्थको पूर्तिको लागि ऊ स्वयं नै कुनै अर्को शक्तिको अधिनमा अर्थात दासको पनि दासको मनोबल तल खस्नु स्वाभाविक हो । त्यति बेला अर्को दुबै कुराको पालन गर्नु पनि असम्भ छ किनभने त्यस स्थितिमा उसलाई आत्मसमर्पण आफ्नो स्वामीको स्वामीलाई पनि गर्नु पर्नेछ, जुन कि असम्भव छ, किनभने आत्मसमर्पण बाँड्न सकिदैन । यस प्रकार ति व्यक्ति अन्ततः स्वेच्छाचारी नै हुनेछ । यही कारण छ कि इतिहासमा सामाजिक र राजनैतिक क्षेत्रमा यस्तो व्यक्ति केवल देशभक्त, स्वामीभक्त अथवा समाजसेवी नै भनिए तर

'दास' मानिएनन्। किनभने राजा या सामाजिक नेता सर्वसमर्थ या सर्वशक्तिमान हुँदैनन्, यसकारण उनीहरुको सेवाका सेवक पनि 'दास' को उच्चतम पदवी प्राप्त गर्न सकेनन्। दासको सर्वोच्च पदवी केवल धार्मिक महापुरुषहरुले मात्र प्राप्त गरे।

यहाँ पनि कति अचम्मको कुरा छ कि व्यक्ति 'दास भावना' लाई तुच्छ भावना सम्झन्छ तर दासको पदवी कुनै भाग्यशाली व्यक्तिलाई मात्र प्राप्त हुन्छ। उनीहरुलाई संसारमा परमभक्त, ब्रम्हाज्ञानी यहाँसम्म कि सद्गुरुसम्म भनेर सम्मानित गरिन्छ। मात्र उनीहरुले 'दास' को सत्य भावनालाई पालन गरिएको भए, जसको स्वामी सर्वशक्ति, सर्वसमर्थ निराकार परमात्मा हुने गर्दछ। यसकारण उनीहरुलाई यसको पालन गर्नुमा कुनै प्रकारको कुनै कठिनाईको सामना गर्नु पर्दैन। समस्त ऐश्वर्यका स्वामी प्रभुको शरणमा उनीहरुलाई पनि हर प्रकारबाट यश, कीर्ति र समृद्धि प्राप्त हुने गर्दछ।

अतः 'दास' शब्दको प्रयोग गर्नुको अधिकार त्यसैलाई छ जो उपरोक्त तीन कुराहरुको पालन गरोस नत्र भनेर मात्र कुनै व्यक्ति दासको पात्र बन्न सक्दैन। दासको कण-कणमा आफ्नो स्वामीको लागि आत्म-समर्पणको भावना अंगालेको हुन्छ। मुखमा मिठास स्वभावमा नम्रता र परोपकार भरिएको हुन्छ। कुनै पनि अवस्थामा उसलाई न त क्रोध आउछ, न त अभिमान आउँछ न त कसैसंग घृणा हुन्छ।

सूचना

यदि हजूरहरुले सन्त निरंकारी नेपाली मासिक पत्रिका नेपाल र भारतमा समयमा पाई राख्नु भएको छैन् भने निम्न नं. मा सम्पर्क गर्न हुन सम्पूर्ण सन्त महात्माहरुको चरणमा बिन्ति गरिन्छ।

अर्जुन मयालती-०९०२९०६६१७०,
मिन बहादुर सुनार-०८९७६६७२५४५

सूचना

श्री सद्गुरु बाबा हरदेव सिंह जी महाराजको असीम कृपाले अनेकौ भाषामा सन्त निरंकारी मासिक पत्रिका निरन्तर प्रकाशित भइरहेकोछ। त्यस्तै प्रकारले नेपाली भाषामा पनि सन्त निरंकारी(नेपाली) मासिक पत्रिका मुम्बईबाट बिगत पाँच वर्षदेखि नियमितरुपमा प्रकाशित भइरहेको कुरा सर्वविधितैछ। तसर्थ दास हजूरहरुको चरणमा निवेदन गर्न चहान्छ कि नेपालका आदणिय कर्मयोगी महात्मा श्री नर बहादुर रावल ज्यू तथा नेपालका केन्द्रीय सदस्य तथा नेपालका सन्त निरंकारी मण्डलका प्रबन्धक तथा व्यवस्थापक, संयोजक, ज्ञान प्रचारक, प्रचारक, मुखी, सत्संगका अभिन्न अंग सेवादल संचालक, शिक्षक, शिक्षिका, सेवादलका भाईबहिनी तथा अन्य सन्त परिवार यदि कसैले यस नेपाली सन्त निरंकारी मासिक पत्रिकाको सदस्य प्राप्त गर्नुभएको छैन् भने चाँडोभन्दा चाँडो पत्रिकाको सदस्य भई बाबा जी को आदेशलाई आत्मासाथ गर्दै पत्रिकालाई निरन्तर प्रकाशित गर्नुमा सहयोग गर्नु हुन सम्पूर्ण नेपालका सन्त परिवारलाई हार्दिक अनुरोध गरिन्छ।

दासनुदास

चंद्रकांत जाधव

प्रभारी सन्त निरंकारी (नेपाली)
मासिक पत्रिका

प्रार्थना-एक विश्वास

- राज वासदेव सिंह

एक ब्रम्हाज्ञानी गुरुसिखको विश्वास नै उसको शक्ति हो । उसलाई विश्वास हुन्छ कि यदि उसको प्रार्थना आफ्नो हितमा छ भने उसको दयालु पिता उसलाई अवश्य नै स्वीकार गर्नेछ। यदि उसको प्रार्थना स्वीकार भएन भने पनि यसमा उसको स्वामीको दया नै उसमा लुकिएको छ , हुनसक्छ प्रार्थना उसको हितमा छैन । यसैले उसको प्रार्थनालाई स्वीकार नगरेको होला । एक गुरुसिख सधै प्रार्थनामा यो भन्छ कि हे प्रभु ! मेरो प्रार्थना म र अरु कुनैको हितमा छ भने यसलाई स्वीकार गर्नु होला, नत्र भने मैले लाखौ पटक प्रार्थना गरे पनि पुकार नसुन्नु होला। यस प्रकार प्रार्थनाको स्वीकृति वा अस्वीकृतिमा पनि गुरुसिख आफ्नो बेहतरी देखाउछ अनि उसको यो विश्वास नै उसको तागत बन्दछ।

मानवको मनमा हर समय यो डर भइरहेको हुन्छ कही कुनै नराम्रो घटना हुने त होइन ? जीवनमा यति अनिश्चिताए (uncertainties)छकि कुन समयमा के घटना हुनेछ, कसैलाई केहि थाह छैन । हर समयमा मनमा डर भइरहेको हुन्छ । कुनै नराम्रो परिस्थितिको सामना नगर्न परोस्।

जब गुरु आफ्नो प्रार्थनाद्वारा आफ्नो प्रियतमसंग जोडिन्छ भने यो डर र चिन्ता उसलाई सताउदैन । गुरुसिखलाई दृढ विश्वास हुन्छ कि प्रभु अब जो गरिरहेको छ ऊ ठीक गरिरहेको छ । जो भविष्यमा गर्नेछ त्यो पनि ठीक हुनेछ। उसलाई आफ्नो स्वामीको प्रत्येक

कार्यमा धेरै नै भलाई नै देखाइ दिन्छ। यदि कुनै अनचाहि घटना घटित भए पनि जसको उसले कल्पनामा सोचेको हुँदैन, त्यस्ता परिस्थितिलाई सहन गर्नु सक्ने शक्ति पनि प्रार्थनाद्वारा आफ्नो सद्गुरुबाट माग्दछन्। यसैले हामी भन्नु सक्छौ कि प्रार्थना भूतकालमा भएका गल्तिहरुलाई क्षमा गर्ने वर्तमानमा ठीक पाइला उठाउनु सक्ने र भविष्यको डरबाट मुक्ति गराउने शक्ति हो । जुन प्रार्थी सर्वव्यापक प्रभुलाई अगसंगमा देखेर प्रार्थना गर्दछ ऊ स्थाई आधारलाई पाएर निडर जीवन जिउन थाल्छ।

एक प्रार्थीलाई आफ्नो प्रार्थनामा विश्वास हुन पर्छ । प्राय देख्ने गरिन्छ हामी देखा-देखी प्रार्थना गर्दछौ अथवा कोही हामीलाई सद्गुरु निरंकारको सहारा लिनु प्रेणा दिन्छन् भने हामी प्रार्थनाको दामन समाल्छौ तर

हाम्रो हृदयको गहिराईमा यो विश्वास हुदैन कि हाम्रो प्रार्थना सुनिने छ वा विशेष कार्य जुन हामीलाई एक दमै असम्भव लागिरहन्छ । यो निरंकार अथवा सद्गुरुको कृपाले अति शीघ्र हुन सक्छ । यस मानसिक अस्थिरताका कारण हामी प्रार्थना पनि गर्दछौ र दुनिया वी सहाराको पछाडि पनि दौडन्छौ । यदि हामीलाई आफ्नो प्रार्थनामा विश्वास होसकी अब यो कार्य स्वयं निरंकार प्रभु गर्नेछ । भलै यसको साधन कोही पनि बनोस् त यसको पहिलो निशानी यो हुन्छ कि हाम्रो मानसिक चिन्ता समाप्त हुन थाल्छ । हामी प्रयत्न त फेरी पनि गर्दछौ तर यस विश्वासको साथमा दातार सबै करन-करावनहार हो , सर्मथ छ जो गर्ने छ ठीक नै गर्नेछ ।

आफ्नो प्रार्थनाको साथ साथमा जसको अगाडि प्रार्थना गरिन्छ उस माथि पनि विश्वास पक्कै हुन अति आवश्यक हुन्छ ।

प्रार्थना स्वीकार गर्नेवालो प्रत्यक्ष हो, अगाडि छ भने मात्र यो विश्वास हुन्छ । यसैले ब्रम्हा ज्ञानी भक्ति प्रार्थना आफ्नो सद्गुरुको अगाडि गर्दछन् सद्गुरुको सक्षमता माथि पूर्ण विश्वास हुनको कारण उसलाई आफ्नो प्रार्थनाको उसलाई आफ्नो प्रार्थनाको स्वीकृतिमा विश्वास आउछ । यसको विपरित जुन प्रार्थीहरुका सम्मुख प्रार्थना सुन्ने प्रत्यक्ष छैन भने त्यहाँ कयौं पटक विश्वास डगमग पनि हुन थाल्छ ।

कयौ पटक हामी एक सन्त महापुरुषको सम्मुख आफ्नो प्रार्थना राख्दछौ फेरी केही समय पछी अर्को सन्त महापुरुष भेटिन्छन भने उहाँको सम्मुख पनि प्रार्थना दोहोरयाउछौं । यसको निष्कर्ष यही हो की हामीलाई हाम्रो प्रार्थना विश्वास छैन । वा जसले प्रार्थना स्वीकार गर्ने छ उसको दयालुता माथि पनि विश्वास छैन ।

विश्वासी भक्त एक पटक प्रार्थना गरेर उस कुरामाथि बाट ध्यान हटाइ दिन्छन् उनिहरु जान्दछन् उनका प्रार्थना पात्र (Application) सच्चा दरवारमा पुगीसकेको छ । यस सच्चा वादशाहको दरवार करुणा, दया र क्षमाको दरवार हो । यहाँ गुन्हाको हिसाबमा हुदैन क्षमा पार्थीलाई क्षमा दिइन्छ । यसैले यदि मेरो प्रार्थना हितमा छ भने प्रार्थना सद्गुरु अवश्य पुरा गर्नेछ उनको यो विश्वासले नै उनको मनमा धर्य र सन्तोष भरदिन्छ ।

शहन शाह बाबा अवतार सिंह जी ले आफ्नो प्रवचनमा कयौ पटक चेतन गर्नु भएको थियो । "गुरु मुखो ! सन्तजनो !! " आफ्नो सदगुरुको मूरत आफ्नो हृदयमा बसालेर तपाई जहाँ भए पनि त्यहाँबाट नै गुरु चरणमा प्रार्थना गर्नुहोस् , तपाईको प्रार्थना यदि तपाईको लागि सही छ भने अवश्य सुनिने छ

परन्तु तपाईले पटक-पटक त्यही प्रार्थना दोहराउनु भएन आफ्नो सद्गुरुमा विश्वास राख्नु होस् यो आफ्नो कुरालाई निकट भएर सुनिरहेको हुन्छ । भन्नुको भाव यही थियो कि जब सद्गुरु हाम्रो प्रार्थनालाई सुनिसकेको हुन्छ भने उसलाई पूर्ति गर्ने सही कुन समय छ, त्यो पनि उसलाई थाह छ । उचित समय त्यो कार्य आ-आफै नै हुनेछ । तर कहीले कही हामी यति सोच्न थाल्छौं कि मंत्रको जस्तै काम तुरुन्त होस् । यदि यही समयमा भयो भने प्रार्थना स्वीकार भयो भन्ने लाग्दछ । यदि केही समय लाग्छ भने प्रार्थनाको स्वीकृतिका प्रति मनमा शंका उत्पन्न हुन थाल्छ । यस्तो सोच्नु गुरुसिखको निम्ति ठीक होइन ।

हाम्रो विश्वास कम हुनको कारण के हो भने हामी दातारको खजानाबाट ति चिज लिन सकेका छैनौ, जो विश्वासको द्वारा लिन सक्छौ । एउटा उदाहरण यस कुरालाई स्पष्ट गर्नेछ । एकबार धेरै ठुलो निरंकार सन्त समागम हुन थियो । समागमको पूर्ण तयारीमा अकाशमा बादल घेरिएको थियो । लगभग समागमको पूर्ण तयारी भइसकेको थियो । बादलले गर्दा साँझ भन्दा पनि अध्याँरो भएको थियो र केही प्रबन्धक महापुरुषहरु सोच्न थालेकी कही सम्पूर्ण व्यवस्था तहस-नहस नहोस् भन्दै । केही महात्माहरु बाबा हरदेव सिंह जी महाराज कहाँ गएर बिन्ति गर्न थाले कि बाबा जी रहमत गर्नुहोस् वर्षा नहोस । समागम स्थलमा सन्त-भक्तहरु धेरै संख्यामा आइरहेका थिए । सद्गुरु बाबा जी ले आर्शिवाद दिनु भयो सन्त समागम राम्रो संगै सफल हुनेछ चिन्ता नगर्नुहोस् । दातार सबै ठीक गर्नेछ । बिहाना सन्त समागम आरम्भ भयो र संत्संगत संचालन हुन पनि सुरु हुन थाल्यो, सच्चा बादशाह जब आसनमा बिराजमान हुन भयो, त्यति बेला पानी पर्छ भन्ने डरले कयौं सन्त महापुरुषहरुले हातमा छाता बोकेर ल्याएका थिए । केही समय पछि पानी पनि पर्न थाल्यो र अनि जब प्रबन्धक फेरी बाबा जी कहाँ गए । उनिहरुलाई बाबा जी ले भन्नु भयो तपाइहरुले प्रार्थना त हिजो रातमा नै गरि सक्नु भएको थियो । तर आफ्नो स्वीकारमा विश्वास नभएको कारण त्यहाँ थुप्रै सन्तहरुले छाताहरु बोकेर आएका थिए । हाम्रो अविश्वास नै हामीलाई भगवानबाट टाढा गराउँछ । हाम्रो प्रार्थनामा विश्वास नै भाग्यमा जो न लेखिएको हुन्छ त्यो पनि लेखिएर मिल्न थाल्छ ।

यसैले सन्त महापुरुषहरुले हामीलाई चेतन बनाएका छन् । यस मालिकसंग जे पनि माग्नु छ भने विश्वासको साथमा माग्नु छ । आफ्नो विश्वासलाई प्रार्थनाको पूर्ति वा अपूर्तिको साथमा जोड्न हुँदैन । यसमा नै हाम्रो भलाई हुन्छ ।

जब निरंकारको वास गुरुसिखको हृदयमा हुन्छ भने हृदयमा प्रेम नै प्रेमको भाव बनिरहेको हुन्छ । गुरुसिख विशालता प्राप्त हुन्छन् उसको प्रेमको दायरमा केवल परिवार वा नातेदार मात्र होइन, सम्पूर्ण मानवको भलाइको निम्ति प्रार्थना गर्दछन् र प्रार्थनामा माग्दछन्, म तिम्रो तिमी मेरो बनिरहोस् । यदि दातारलाई नै माग्यौं भने अन्य वस्तुलाई माग्नको आवश्यकता पर्दैन । यो भाव बनिरहोस् कि म यस प्रभुको हुँ भन्ने यसअनुभवलाई कायम राख्नको लागि उठ्ने, बस्ने, खाने, सुत्ने समयमा प्रार्थना सिद्ध हुन्छ ।

प्रस्थान

सन् १९२९ देखि सन् १९४३ सम्म १४ वर्षको अन्तरालमा बाबा बूटा सिंह जी ले सम्पूर्ण विश्वलाई अमन-चयनको शीतल छाया दिने सन्त निरंकारी मिशन रुपी वृक्षा रोपण गरेर त्यसलाई यति बलियो बनाउनु भएको थियो कि संसारको कुनै पनि बलले त्यसलाई हल्लाउन सकेन।

बाबा बूटा सिंह जी को व्यक्तित्व अत्यन्तै तेजस्वी थियो। सन् १८७३ देखि सन् १९४३ सम्म ७० वर्षको आयु बाबा जी लाई प्राप्त भएको थियो। भगवद्भक्तिमा लिन भएर बाबा जी ले विरोधिहरु र निन्दा गर्नेहरुदेखि डरदैं निकै निर्भयतासंग आफ्नो जीवन जिउनु भयो। जस्तै कुनै बुवा धेरै समयको लागि कुनै टाढा देशको लागि प्रस्थान गरिरहेको हुन्छ भने उसले जाने समयमा आफ्नो घर-परिवारको सम्पूर्ण व्यवस्था गरेर जाने गर्दछ, त्यस्तै बाबा बूटा सिंह जी ले पनि सन्त निरंकारी मिशनको जिम्मेवारी विधिवत् रुपमा बाबा अवतार सिंह जी को काँधमाथि सुम्पिएर परलोक जानु भयो। करौंको अन्तिम यात्राको कहानी सुनाउदा निकै ठूलो कष्टायक हुने गर्दछ तर बाबा बूटा सिंह जी को जीवनको अन्तिम दौड भने आनन्दबाट परिपूर्ण थियो र त्यस समयको एक-एक क्षण लोभ्याएमान लाग्दथ्यो। उहाँको यात्रा मृत्युको तर्फ जाने बाला थिएन कि अमरत्वलाई पनि आफ्नो वशमा भएको गवाह दिने बाला थियो। उहाँको अन्तिम यात्रा मृत्युंजयी बनेर मानव-मात्रलाई अमरत्वको वरदान दिएर जानु भयो। आवश्यकता केवल त्यस अमरत्वको

लाभ लिएर त्यस दिशातिर अग्रसर हुनुको हो।

कोहमरीमा पहिले नै कुनै सत्संगी परिवार बसिसकेका थिए। त्यहाँको चिसो हावापानीको कारण टाढा-टाढाबाट आउने महापुरुषहरुको आउने-जाने क्रम जारी नै थियो। नित्यप्रति सत्संगको कार्यक्रम त भई नै रहेको थियो। सरदार सरुप सिंह जी, सरदार भाग सिंह जी, भाई साहिब किशन लाल जी, लाला ठाकुर दास जी र उहाँकी धर्मपत्नी हरनाम कौर जी तथा बहेन्जी प्रेम कौर जी जस्ता महापुरुष विभिन्न प्रकारका सेवाको लागि तत्पर रहने गर्थे। यी

सबैको रातदिनेको सेवाको लागि तत्पर ररहन्थे। यी सबैको रातदिनको सेवा र वैद्यकीय उपचार हुँदा हुँदैपनि बाबा जी को अवस्था दिन-प्रतिदिन खराब हुँदै गई रहेको थियो। यस्तो आभास हुन्थ्यो कि बाबा जी ले मन मनै ब्रम्हागमनको तयारी गरिसक्नु भएको छ। शरीर अस्वस्थ भएतापनि बाबा जी को अनुहार तेजस्वी प्रकाश सधै झैं चम्कि रहेको थियो। शरीरले साथ दि रहेको थिएन तर उसको सम्बन्धमा बाबा जी को मुखारविन्दबाट कसैले एक शब्द पनि कहिलै सुनेन। बाबा जी शारीरिक कष्ट हुँदा पनि दर्शनको लागि आउने सज्जनहरुको संग प्रभु चर्चा गर्नुमा तल्लीन रहने गर्नु हुन्थ्यो र खाली समयमा निरंकार प्रभुको सिमरणमा व्यतीत रहने गर्नु हुन्थ्यो।

यस क्रममा एक दिन धेरै महापुरुषहरुको अगाडि बाबा बूटा सिंह जी ले आफ्नो कोट र दुपट्टा बाबा अवतार सिंह जी लाई लगाएर नमस्कार गर्दै सबैलाई भन्नु भयो -'आजबाट सबैले भाई अवतार सिंह जी लाई नै आफ्नो सद्गुरु सम्झदै उहाँको प्रत्येक आज्ञालाई पालन गर्नु।' साथै उपस्थित सबै सन्त भक्तहरुलाई बाबा अवतार सिंह जी को चरण स्पर्श गर्नको लागि पनि आदेश दिनु भयो। यो आदेश सुनेर बाबा अवतार सिंह जी उठेर खडा हुनु भयो र भन्नु भयो, 'महापुरुषहरु, अहिले बाबा जी सशरीर हामीसंग हुनु हुन्छ। केहि दिनपछि औषधि उपचारबाट बाबा जी को शरीर पनि ठीक हुनेछ। मेरो त पल-पल निरंकार प्रभुको अगाडि यो अरदास गर्दछु कि बाबा जी को कृपाले भरिएको हात धेरै दिनसम्म हाम्रो शिरमा छाई रहोस्।' यो भन्दा भन्दै बाबा अवतार सिंह जी गला पनि सुक्यो र आँखाबाट आँसुको वर्षा पनि हुन थाल्यो, जसबाट उहाँको निश्चल प्रेम एवं असीम श्रद्धा प्रकट भैरहेको थियो।

यसको अर्को दिन नै बाबा अवतार सिंह जी लाई सूचना दिइयो कि बाँकी सबै सन्तहरुलाई पत्र एवं तार पठाएर कोहमरी बुलाउनु परयो ताकि अन्तिम समयमा म ब्रम्हाज्ञानी सन्तहरुको दर्शन गर्न सकु। जस्तै जस्तै सन्देश प्राप्त भयो, त्यस्तै त्यस्तै बिभिन्न ठाउँहरुबाट महापुरुषहरु कोहमरी आउन थाले। त्यसमध्यबाट एक जना महात्मा सुजान सिंह जी पनि हुनुहुन्थ्यो। घरबाट निस्कने समयमा उहाँले ५० रुपैयाँको नमस्कार गर्ने भाव बनाउनु भएको थियो। ज्ञातव्य होस कि त्यस समयमा ५० रुपैयाँ एक ठूलो रकम हुने गर्दथ्यो। महात्मा सुजान सिंह जी ले जब नमस्कार गर्नु भयो, उहाँले मात्र १० रुपैयाँ राखेर छेउमा बस्नु भयो। अन्तर्यामी सद्गुरु बाबा बूटा सिंह जी ले भन्नु भयो, 'किन सुजान सिंह जी ५० रुपैयाँबाट रु.१० मा आईपुग्नु भयो।' गुरसिख सुजान सिंह जी लाई आफ्नो

भूलको महसुस भयो र तुरुन्त गएर उहाँले रु.५० निकालेर सद्गुरुको चरणमा क्षमायाचना गर्नु भयो।

त्यस समयमा बाबा जी ले उपस्थित सबै महापुरुषहरुलाई सम्झाउनु भयो कि एक किसिमले माया विष जस्तै हुन्छ। मायाको मोहले जीवनको आनन्दलाई खाने गर्दछ। तर जब सन्त महात्मा यस मायालाई त्यागेर सद्गुरुको चरणमा अर्पण गर्दछ भने यो माया नै पछि अमृत बन्ने गर्दछ। किनभने यसबाट मनमा सेवा भावना बनि रहन्छ र त्यसबाट जीवनमा सुख-आनन्द प्राप्त हुने गर्दछ। माया जब गुरु-चरणमा गएर परोपकारको कार्यमा खर्च हुन्छ भने त्यसको रुपान्तर भक्तिमा हुने गर्दछ।

बाबा जी को यो कथन श्रवण गरिसकेपछि एक पछि अर्को गरेर सबै उपस्थित गुरसिख आशीर्वाद लिन थाल्नु भयो। गुरसिखद्वारा नमस्कारमा राखिएका नोटहरुमा बाबा जी ले हात फेर्न थाल्नु भयो। बाबा जी यो कृत्य देखेर धेरै महापुरुष चकित पर्न थाले। अन्तर्यामी भएको नाताले यो कुरा बाबा जी ले थाह पाउनु भयो र यसको भेद खोल्दै स्वयं भन्न थाल्नु भयो कि तपाईहरु मध्ये कुनै सर्जन यो सोचि राख्नु भएको होला कि म यी नोटहरुको माथि आफ्नो हात किन घुमाई रहेकोछु। म तपाईहरुको नोटलाई बढाई रहेकोछु। म चहान्छु कि यस युगका सन्त-महात्मा भौतिक सुखबाट वञ्चित नरहुन। उनीहरुको सेवा परोपकारको काममा आउन र सुखको ढोका उनीहरुको लागि खुल्ला हुन्। बाबा जी को यो आशिर्वाद आज फलदायी भएको नजर आईरहेकोछ किनभने तन-मन-धनबाट सेवा गर्ने निरंकारी भक्तसंग सांसारिक सुखको कुनै कमि छैन्। नाम धनको साथ साथै भौतिक धनबाट पनि उहाँहरु धनि हुँदै गई रहेकाछन्।

जुन समय बाबा जी ले सबैलाई कोहमरीमा आउने सूचना पठाउनु भएको थियो, त्यस समयमा बाबा अवतार सिंह जी लाई यो पनि भनिएको थियो कि समयमा दौड धूप भन्दा अन्तिम समयमा मेरो शरीरलाई ओढाउने सेतो कपडा अहिलेदेखि नै व्यवस्था गरेर राख। यस कुराबाट यो स्पष्ट हुन्छ कि ब्रम्हागमनको सम्पूर्ण तयारी बाबा जी गरिसक्नु भएको थियो। शरीर त्याग्नु बाबा जी को लागि कुनै ठूलो कुरा थिएन। अब त खाली बाबा जी कुनै मुख्य उद्देश्यको लागि आफ्नो इच्छादेखि रोकिएका छन् भने अनुभव भइरहेको थियो।

बाबा अवतार सिंह जी का सुपुत्र गरवचन सिंह जी (जुन पछि बाबा गुरबचन सिंह जी को रुपमा प्रकट हुन भयो) र सज्जन सिंह जी ले जब बाबा जी को चरणमा पाँच-पाँच रुपैयाँद्वारा नमस्कार गर्दा बाबा जी अति प्रसन्न हुनु भयो। ति दुबैलाई नजिक बोलाएर बाबा जी ले प्रेमपूर्वक उनीहरुको पीठमा हात घुमाउनु भयो र भन्नु भयो कि यी दुई चद्धरलाई बिचमा सिलाएर लिएर आऊ। बाबा जी ले यस्तो कुरा गर्दा उहाँको वियोगको कल्पनाबाट श्रद्धालुहरुको आँखाबाट आँसुका धारा बग्न थाले। ति दुई सेता चद्धरका साथ डाक्टरलाई बोलाईयो। डाक्टर आएको देखेर बाबा जी मुस्कुराउदै भन्नु भयो,'तपाई मेरो स्वास्थ्य उपचारको लागि आउनु भएकोछ तर यसभन्दा पहिले तपाई आफ्नो आत्माको उपचार त गराउनुहोस।' डाक्टर पनि बाबा जी को आलौकिक र अगम्मी शक्तिको अगाडि झुक्नु भयो र दुई चार वचनहरुको पश्चात नै ज्ञान लिनको लागि तयार पनि हुनु भयो। बाबा जी ले उनलाई दिएर 'तूही निरंकार' को सुमिरण गराउन थाल्नु भयो।

दर्शनको लागि आएका महापुरुषहरुलाई भोजनको यथोचित प्रबन्ध गर्नको लागि बाबा जी ले बाबा अवतार सिंह जी लाई पहिले नै दि सक्नु भएको थियो जसबाट सबै महापुरुषहरुलाई भोजनको प्रबन्ध गरिएको थियो । बाबा जी ले सबै महापुरुषहरुलाई नजिक बुलाउनु भयो र भन्नु भयो कि एक एक थालमा चार-चार, पाँच-पाँच महापुरुष लंगर ग्रहण गर्नु होस जसबाट सबैले राम्रोसंग खाना खान सकुन । यसप्रकार आफू जाँदा जाँदै बाबा जी ले जाति-पाति, ठूलो-सानो आदिको भेदभावलाई समाप्त गर्दै सबै जना एकसाथ बसेर खाना खाने व्यवस्थाको परम्परा थालनी गर्नु भयो।

भोजनोपरान्त सबै महापुरुषहरु त्यहाँ एकत्रित हुन भयो जहाँ बाबा जी सुत्नु भएको थियो । सबैको ध्यान बाबा जी को इशारामाथि लागेको थियो । त्यसै समयमा बाबा जी ले उठेर बस्ने ईच्छा व्याक्त गर्नु भयो । इशारा पाउदा साथ बाबा अवतार सिंह सिंह जी ले तकियाको आधारबाट बाबा जी लाई माथि उठाउनु भयो । बाबा जी को आदेशानुसार मगाईएको सेतो कपडा पनि बाबा जी को शरीरको तला बिछाईयो । आएका महापुरुषहरु आ-आफ्नो श्रद्धा अनुसार बाबा जी को चरणमा नमस्कार गर्न थाले । सबै महापुरुषहरुको नमस्कार सम्पन्न हुनासाथ बाबा जी ले हाँस्दै भन्नु भयो, 'अहिले मेरा प्रियहरुले त नमस्कार गरेकै छैनन् ।' बाबा जी को संकेत मिल्दासाथ बाबा अवतार सिंह जी ले गुरबचन सिंह जी र सज्जन सिंह जी लाई मायाको साथ नमस्कार गर्नको लागि भन्नु भयो र उनीहरुले पनि नमस्कार गर्नु भयो।

सबैले दर्शन गरि सकेपछि उपस्थित सन्तहरुलाई सम्बोधन गर्दै बाबा बूटा सिंह जी ले भन्नु भयो, 'ब्रम्हाज्ञान प्राप्ति पछि हुन त सबैले आ-आफ्नो श्रद्धा एवं शक्ति अनुसार मेरो सेवा गर्नु भयो । तर भाई अवतार सिंह जी र उहाँको परिवारले कुनै प्रकारको सेवाबाट कहिलै पनि मुख पछाडि गर्नु भएन । उहाँहरुको सेवा गुरमत माथि हिड्नेहरुको लागि निश्चित रुपबाट एक उदाहरण बनेकोछ, प्रेरणाको स्रोत बनेकोछ । अब मेरो अन्तिम समय आई सकेकोछ । प्रभु-प्रेमी ज्ञानवान भक्तहरुको प्रेम शारीरिक नभएर आत्मिक हुन्छ । यसको लागि मेरो शरीर गएपनि पनि कसैलाई दुःख हुनु भएन । मैले जुन कामको आरम्भ गरेकोछु, त्यसलाई अगाडि बढाउनु नै तपाहरुको गुरु-भक्ति हो । मेले आज तपाईहरुलाई यसकारणले बोलाएको हुँ कि अन्तिम समयमा तपाई प्रेमीहरुको सन्तहरुको दर्शन गर्न सकु र तपाईबाट थाह पाउन सकु कि मेरो शरीर अन्त भईसकेपछि सन्तहरुको अगुवाई कसले गर्नेछ ?' यो भनेर बाबा जी ले आफ्नो नजर माथि उठाउनु भयो, त्यतिबेला सबै सन्तहरुको आँसुले भरिएका आँखाहरु बाबा अवतार सिंह जी तिर लागेका थिए । आफ्ना सबै सन्तहरुको आँखाको मौन दृष्टिको अर्थ जानेर सबैको उपस्थितिमा बाबा जी ले बाबा अवतार सिंह जी को गलामा आफ्नो हारपट्टा निकालेर बाबा अवतार सिंह जी लाई नमस्कार गर्दै, मुखबाट केहि नभन्दै त्यहाँ सबै चिज भनियो जुन कि बाबा जी ले भन्न चहानु हुन्थ्यो ।

केही समय चुप भएर बाबा जी सानो आवाजमा भन्न थाल्नु भयो, ' मलाई निकै खुशी भइरहेकोछ कि मेरो नेतृत्वको अगुवाई गर्नको लागि यस्तो व्यक्तिलाई छनौट गर्नु भएकोछ, जुन हर परीक्षामा उतिर्ण भएको छ र प्रत्येक कठिन अवस्थामा अडिग रहेकोछ । आजबाट भाई अवतार सिंह नै बूटा सिंह हो ।'

यो उद्‌गार व्यक्त गरेर बाबा जी ले सुत्ने ईच्छा प्रकट गर्नु भयो । बाबा अवतार सिंह जी ले तुरुन्त अगाडि आएर बाबा जी सुताउनु भयो । बाबा जी को मुखबाट 'तूही निरंकार' तूही निरंकार' को सिमरण भइरहेको थियो । केहि समयपछि बाबा जी ले आफ्नो दुबै हात जोड्दै सन्तहरुलाई अन्तिम प्रणाम गर्दै आफ्नो शरीर त्याग्नु भयो । यस अन्तिम समयमा पनि बाबा जी को मुखमा यस्तो चमक र ओठमा यस्तो सहजताको मुस्कान झल्की रहेको थियो जुन कहिलै बिर्सन सकिदैन ।

यस प्रकारले बाबा जी ले सन्तहरुलाई दिएको वचनको पूर्ति गर्नु भयो । सन्तहरुको अन्तिम दर्शन गरेर सबैको अगाडि आफ्नो यो लोक सफर सम्पन्न गरेर परलोक गमन गर्नु भयो । अब प्रश्न थियो अन्तिम यात्राको । बाबा अवतार सिंह जी ले उपस्थित सबै महापुरुषहरुलाई एकत्रित गर्नु भयो र आफ्नो मनको भाव प्रकट गर्दै भन्नु भयो, 'म चहान्छु कि बाबा बूटा सिंह जी को शव-यात्राको जुलूस निकै धूमधामबाट बैण्ड-बाजाहरु साथ निकाल्नु परयो ।' बाबा अवतार सिंह जी को रायबाट प्रत्येक सन्तले सहमती जनायो । त्यस समयमा कोहमरीमा कुनै बैण्ड मिल्नु असम्भव त थिएन तर समस्या भने अवश्य थियो । तरपनि केही महापुरुषहरु बैण्ड-बाजाको चाँजोपाँजो लगाउने तिर लागे । महात्मा साहिब लाला ठाकुर दास कपडा वाला पनि ति महापुरुषहरुसंगै थिए । माल रोड पुग्दासाथ नै त्यहाँ एक सुन्दर बैण्ड पार्टी उभिएको थियो ।

बैण्डवालाहरुसंग सोधपूछ गर्दा थाह भयो कि ति व्यक्तिहरु त्यहाँका अतिरिक्त जिल्ला न्यायिश खान एम.फत्तेउल्ला खां को निमन्त्रणामा रावलपिण्डीबाट आएका थिए । खान एम.फत्तेउल्ला खां को कहाँ कुनै खुशीको कार्यक्रम थियो । ति व्यक्तिहरु खान जी को अनुमति बिना कुनै अर्को ठाउँको कार्यक्रम जान तयार थिएनन् । यो सुनेर महापुरुषहरु सोझै खान जी को कोठीमा गए । त्यहाँ गएर महापुरुषहरुले सम्पूर्ण कुरा सुनाउनु भयो । महापुरुषहरुको कुरा सुनेर खान जी ले बैण्ड-बाजालाई जाने अनुमति दिनु भयो ।

बैण्ड-बाजा आई सकेपछि बाबा बूटा सिंह जी को अन्तिम यात्रा निकै धूमधामबाट निकालियो । आज यस संसारबाट एक पूर्ण महापुरुष आफ्नो अन्तिम यात्रा गइरहेकाछन् भन्नुमा बाबा अवतार सिंह जी ले कुनै कसर बाँकी राख्नु भएन । बाबा अवतार सिंह जी ले सबैभन्दा पहिले स्वयं अर्थीलाई आफ्नो काँधमा राख्नु भयो र फूलको वर्षा एवं 'तूही निरंकार' को अमर ध्वनिको साथ अर्थी श्मशान घाटसम्म पुग्यो । जीवनभरि बाबा बूटा सिंह जी को विरोध गर्ने कोहमरीका व्यापारीहरु पनि यस जुलूसमा स्वयं स्फूर्तिसंग सम्मिलित भए । बाबा बूटा सिंह जी को अग्निदाह एवं अन्तिम संस्कार बाबा अवतार सिंह जी ले स्वयं गर्नु भयो । यसप्रकारले बाबा बूटा सिंह जी को प्रस्थान साथै निरंकारी मिशन रुपी मानव-मुक्तिको अभियानको पहिलो चरण सम्पन्न भयो ।

सन्त-महापुरूषहरूको चरणमा बिन्ति

यदि तपाईको "सन्त निरंकारी नेपाली मासिक" पत्रिकाको सदस्यता समाप्त भएको छ भने कृपा गरेर समयमा नै निम्न स्थानमा सम्पर्क गरी बाबा जी को प्रवचनलाई पढेर आफ्नो हृदयमा अंगाली मानव जीवनको कल्याण गरौं ।

सम्पर्क

सन्त निरंकारी मण्डल, सन्त निरंकारी सत्संग भवन, माहुल रोड चेम्बूर, मुम्बई-४०००७४

फोन नं.-२४१०५७४९, ९८१९५३००३४

श्री गुरुवचनामृत

हृदयमा दुःख बाँड्ने र प्रेम प्रदान गर्ने भाव होस ।

२३ नोभेम्बर २०१३, शनिवारका दिन दिल्लीमा आयोजित ६६औं वार्षिक सन्त समागमको अवसरमा उपस्थित लाखौं जन समूहलाई सम्बोधन गर्नुहुँदै सद्गुरु बाबा हरदेव सिंह जी महाराजले भन्नुभयो–

साध सँगत जी प्रेमले भन्नुहोस् ।
धन निरंकार जी।

साध संगत गत वर्ष नोभेम्बर महिनाको पहिलो हप्तामा नै यो समागम यसै मैदानमा आयोजित गरिएको थियो । यो मैदानमा यो समागमको



आयोजना गर्न थालिएको २५/२६ वर्ष भइसक्यो। समागमको इतिहासलाई हेर्ने हो भने यसको थालनी ईदगाहबाट भएको थियो, कहिल्यै निरंकारी कलोनीको मैदानमा भएको थियो भने त्यसपछि राम लीला मैदानमा कतिवर्षसम्म यो समागम भइरहको थियो। १९६० र १९७० दशक र त्यसपछि लाल किल्लाको पछाडि तिर भएको थियो भने त्यो भन्दा पहिले ईन्डिया गेटमा पनि एक पटक यो समागम भएकोथियो। त्यसपछि लालकिल्लाको पछाडि तिर, राजघाट, शक्तिघाट इत्यादि तीन मैदानहरुमा यो समागमको आयोजना गरिएको थियो र त्यसपछि १९८८ मा यहां सरुवा गरिएकोथियो र त्यसवेला

देखि लगातार हरेक वर्ष सन्त समागमको रुप अरु विस्तार हुदै गइरहेको छ, यसरी यहाँ प्रेम र श्रद्धालिएर प्रत्येक वर्ष यो स्वर्गमयी वातावरण बन्दछ।

हजुरहरु टाढा-टाढाबाट यहाँ आइपुग्नु भएको छ। गत वर्षको समागमदेखि लिएर यसपालीको समागमसम्म, गतवर्ष डिसेम्बरको महिनामा पनि दासलाई यूरोप जाने मौका पाइएकोथियो। त्यसपछि महाराष्ट्र, उत्तराखण्ड, उत्तर प्रदेश, गुजरात। बिहार र हिमाचल प्रदेश, हरियाणा पंजाब आदि प्रान्तहरुमा जाने मौका पाइएकोथियो र त्यसपछि पुनः युरोप, उत्तरी अमेरिका र क्यानडा जाने मौका पाइएको थियो। सबै ठाउँहरुमा सबै यो भाव लिएर सबै आफ्नो सांसारिक-पारिवारिक-सामाजिक जिम्मेवारीहरु वहन गर्नुका साथै एउटा भक्तिले भरिएको जीवन जिईरहेकाछन्। चाहे हामी उनीहरुलाई पश्चिमी देश भन्छौं, त्यहाँ पनि उहाँहरुले चाहे ती युवाहरुहुन् सबैले यो मूल्यलाई अपनाएकाछन्। मिशनमा Youths (युवाहरु) जसरी आज समाजमा युवाहरु विचरण गरीरहेकाछन् र मिशनका युवाहरुको उनीहरुको भन्दा भिन्नै सोच, यिनीहरुको vision (दृष्टिकोण) र भावनाहरु भिन्नै छन् र यसरी नै त्यहाँ पनि मिशनका युवाहरु यस्ता कार्यहरुमा सक्रीय रुपमा गरीरहेकाछन्। यसै वर्ष वडोदरामा गुजरातको प्रान्तीय समागम भएकोथियो र त्यहाँ मिशनको तर्फबाट Run for oneness (एकत्वको लागि दौड) म्याराथनको रुपमा एउटा event organize (कार्यक्रम आयोजित) गरिएको थियो। त्यहाँ पनि एकत्वको पक्षलाई प्रस्तुत गरिएको थियो, जसको आज सम्पूर्ण संसारलाई आवश्यक छ। जसले गर्दा आज संसार छियाँ-छियाँ भएकोछ, जुन fragmentation (विखण्डन) छ, जुन सबै मानवहरु बाँडिएकाछन्, फुटेकाछन्, काटिएकाछन्, दरारहरुछन्, बन्धनहरुछन् जुन कुराहरुले हामीहरुलाई अल्झाइ राखेकाछन्,

जसले हामीहरुलाई बाँडी दिएकाछन् ती सबै कुराहरुबाट माथि उठेर एकत्वको भाव स्थापित हुन सकोस् । जुन बननेसको नारा दिएको छ, जुन हामी सबै एक हौं, सबै पाँच तत्वहरुले बनेका पुतला हौं, चाहे अमरिकीहोस्, चाहे क्यानेडियनेलीहोस्, रसियालीहोस्, जापानेली, चीनियाँ, कोरियाली या अरबेली प्रकृतिकोहोस्, मंगोलियाली प्रकृतिकोहोस् या एसियाली प्रकृतिकोहोस् irrespective (यसतिर ध्यान नदिएर) सबै पाँच तत्वले बनेकाछन् । We all human beings are the composition of five common elements (हामी सबै मानवहरु पाँच तत्वको संरचना हौं) Oneness (एकत्व) एक विचार हो, यो एउटा सोच हो, यो एउटा मनमा आधारित विचार हो, जसले यसलाई त्यस रुपमा अपनाउँछ ऊ ती भावनाहरुले युक्त भएर जीवनको यात्रालाई तय गर्दछ । ऊ आफु पनि सुखी रहन्छ र अरुको जीवनमा पनि बहार ल्याउँछ, तर हामी आज संसारको जुन दृश्य देखीरहेकाछौं, जसरी मान्छेहरु जातको आधारमा, भाषाहरुको आधारमा विभाजित भएकाछन् On the basis of caste, creed, color, religions, nationalities, regionalism and various ethnic groups have divided the world. (जात, सम्प्रदाय, रङ्ग, धर्म, राष्ट्रीयता, क्षेत्रवाद र विभिन्न वर्ग समूहहरुले संसारलाई विभाजित गरेर राखेकाछन) महापुरुष-सन्तजनहरुले यहि प्रयास गरेकाछन् कि मान्छेहरु सबै Harmony (सद्भावना) का साथ मिलेर रहुन् । Oneness (एकत्व) को नारा गतवर्ष जब यू.के.बर्मिंघममा Nirankari International Samagam (NIS) (निरंकारी अन्तर्राष्ट्रीय समागम) मा दिईएकोथियो भने त्यो भन्दा पूर्व त्यसै सिम्फनी हलमा एउटा कार्यक्रम आयोजना गरिएकोथियो त्यसबेला Harmony (सद्भावना) एउटा शीर्षकको रुपमा लिइएकोथियो । महापुरुषहरु यहि चाहन्छन् कि हामी सबै सद्भावले रहौं, हामी सबै मीलिजुलि रहौं । कसैले पनि आफुलाई एकतर्फ बनाउन सक्दैन । जस्तै महात्मा गान्धी जीले पनि भन्नुभएकोथियो कि No culture exits in isolation, each human being depends upon other, whether they are family members in the society or wherever they live in the world. (कुनैपनि संस्कृति अलगावमा रहन सक्दैन, हामी अलग्गीएर आफ्नो अस्तित्व कायम राख्न सक्दैनौं, हरेक मान्छेहरु एकर्कांप्रति आश्रित्छन् चाहे ती एक परिवारका सदस्यहरुहुन या संसारको कुनैपनि कुनामा रहने मान्छेहरुहुन् । यो जुन Dependence (निर्भरता) छ भने महापुरुषसन्तजनहरु भन्दछन्, त्यसको अर्थ यो होइन कि somebody is unique (कोही भिन्नै किसिमको) छ र यो त्यसमाथि depend (निर्भर) हुन्छ । You want support, you want support system,(तपाईहरु सहयोग चाहनुहुन्छ, सहयोगात्मक व्यवस्था चाहनुहुन्छ) यदि यसको आवश्यकता छ त्यसैले सम्बन्ध-नाता जोडिन्छ भने त्यो पनि स्वार्थ हो । महापुरुष-सन्तजनहरु हामीलाई Harmony (सद्भावना) का साथ यो कुरा मानेर रहौं, वास्तवमा हामी भिन्न-भिन्न शरीर हौं, चाहे हामी सबैका मुटुहरु आ-आफ्नो छातिमा धड्कन्छ तर ती धडकीरहेका दिलहरुमा एकर्कांप्रति एकर्काको दुःख-सुख बाँड्ने भावनाहोस्, एकर्कालाई प्रेम गर्ने भावहोस् यस प्रकारले हामी यो संसारलाई सुन्दर रुप प्रदान गर्दैजाऔं ।

यसरी नै केहिदिन पहिले १६ नोभेम्बरको दिनलाई संयुक्तराष्ट्र संघले International Tolerance day (

अन्तर्राष्ट्रीय सहनशीलता दिवस) घोषित गरेको थियो र त्यस दिनलाई मिशनद्वारा मोटर्स बाईक्स र टु व्हीलर्सको एउटा भव्य च्याली निकालिर मनाइयो, जसमा सबैले एउटै किसिमका टि-शर्टस्हरु लगाएकाथिए र ती टि-शर्टस्हरुमा Tolerance (सहनशीलता) लेखिएकोथियो। Tolerance for peaceful co-existence (शान्तिपूर्ण सह-अस्तित्वको लागि सहनशीलता) यो नारा गुञ्जाउदै दिल्लीका सडकहरुको परिक्रमा गरेकाथिए। जुन Harmony को कुरा भइरहेको छ, जहाँ मीलिजुलि वस्नुपर्ने कुरा भइरहेको छ, यदि Tolerance (सहनशीलता) छैनभने, if we are intolerant in others mode of dress and language they speak or the culture they belong to or the country they belong to, if these are our considerations and we behave with them with that narrow mindness (यदि हामी अरुप्रति उनीहरुको वेशभूषा, उनहिरुको रहन-सहन, उनीहरुले बोल्ने भाषा, उनीहरुको संस्कृति अथवा देशका आधारमा असहनशील बन्दछौ भने, यदि यी हाम्रा मानदण्डहरु हुन् भने हामी ती कुराहरुको आधारहरुमा सबैसँग संकीर्ण सोच बनाएर व्यवहार गर्दछौं) त्यसकारणले हामी बीच जस्तो वातावरण बनेको छ त्यसलाई अरु बढी बिस्तारता मिल्दछ। सहनशीलता छ भने जस्तै दासले केहिबेर पहिले पनि भन्यो, There are so many kinds of flowers in one garden, A certain kind of flower does not tell the other flower that you get out, I am not going to tolerate you, they do co-exist because of the uniqueness of their diversity of different colours and shape, they become a beauty of that flower and whole garden and our world is also a garden (एउटा बगैचामा विभिन्न किसिमका फूलहरु हुन्छन्। एक विशेष किसिमको फुलले अरु फूलहरुलाई यस्तो भन्दैन कि तिमीहरु यहाँबाट बाहिर जाऊ ! म तिमीलाई सहन सक्दैन। उनीहरु आफ्ना विभिदताहरुका साथ, उनीहरु आफ्नो अलग-अलग रङ्गहरु र आकारहरुका साथमा, त्यस फूलको सुन्दरताका साथै त्यो बगैचाको पनि सुन्दरता बन्दछन्। ती कोपिलाहरु कलिलाछन्, ती फुलीरहेकाछन् र ती फूलहरुलाई फुलाइ राख्नको लागि यो संसाररुपि बगैचा सुन्दर बनाइराख्नको लागि Oneness (एकत्व),

tolerance (सहनशीलता), यसको लागि प्रेमको खाँचो छ, दयाको र करुणको खाँचो छ। आफ्नो रुप अरुमा देख्न आवश्यक छ, प्रभुको अंश आत्माको रुपमा प्रत्येक मानवको घटमा बस्छ भन्ने कुरा बुझ्न जरुरी छ र त्यही दृष्टिले हेर्न जरुरी छ। यदि हामी त्यो दृष्टिले हेर्छौंभने कोहीपनि बिरानो अर्थात परायो रहन्न । त्यो दृष्टिहो हो, beyond our physical forms, beyond our dresses, beyond our languages, that part of vision, which just sees this universal spirit, this universal God almighty, the oversoul. (हाम्रो यो सार्वभौमिक चेतनालाई, सार्वभौमिक परमसत्ता, यो सर्वशक्तिमान परमात्मालाई देख्नको लागि हाम्रो शारीरिक संरचना भन्दा अलग, हाम्रो वेशभूषा भन्दा भिन्न दृष्टि चाहिन्छ।) यदि हामी त्यो समदृष्टिले हेर्छौंभने then there is divinity (अनि त्यहाँ दिव्यता हुन्छ) यदि हामी Physical form (शारीरिक ढाँचा) सम्म मात्र सीमित रहन्छौंभने, हामी त्यही सम्म अड्केर रहन्छौं । त्यसपछि हाम्रो दृष्टि हाम्रो soul (आत्मा) सम्म जानसक्दैन, जो परमात्माको अंश हो, जसलाई एउटा part of life (जीवनको अङ्ग) हामी भन्छौं, That part of divinity which develops in everybody (त्यो दिव्यताको एउटा अंश जुन प्रत्येक मान्छेमा विकसित हुन्छ । यदि त्यहाँ सम्म हाम्रो दृष्टि जादैनभने त समस्या नै समस्या हुन्छ, त्यसपछि त दूरी नै दूरी हुन्छ, अनि Diversity (विभिदता) अभिषाप बन्दछ त्यसपछि त्यो झगडाको कारण बन्दछ। आज यहि त भइरहेकोछ, यहि Diversity (विभिदता) ले नै हामीलाई डुबाइरहेको छ । यसैले हामीलाई एकर्कोबाट टाढा बनाइ दिएको छ। हामी एकर्कोलाई मार्न काट्न तयार छौं, एकर्कोको ज्यान हामी कीरा फट्याङ्ग्रा जस्तो सम्झन्छौं, त्यसैले हामी साना-साना बालबालिकाहरुको पनि परवाह गर्दैनौं, New born babies, we are just ready to burn them alive and make them aim of our bullets (हामी नवजात शीशुलाई ज्यूंदो जलाउनको लागि तयार छौं, उनीहरुलाई हामी आफ्नो गोलीको शिकार बनाउँछौं) यस प्रकारले हामीले मान्छेको यो क्रुरता र दानवीय रुप देख्न पाइरहेकाछौं।

आज हजुरहरु यो सन्त समागममा उपस्थि हुनुहुन्छ अनि यहाँ एउटा Diversity (विभिवदता) लाई सुन्दर रुपले प्रस्तुत गरीरहनु

भएको छ । यहाँहरुले अहिले यो मञ्चबाट नेपाली भाषा पनि सुन्नुभयो, कन्नड भाषा पनि सुन्नुभयो, उडिया पनि सुन्नुभयो, सिन्धी भाषा पनि सुन्नुभयो, पंजाबी, हिन्दी र अङ्ग्रेजी भाषाहरु पनि सुन्नुभयो यसरी अनेकौं भाषाहरुको यहाँ सुन्दर रुप छ । हजुरहरु सबै भिन्न-भिन्न प्रान्तहरुबाट आउनुभएको छ, सबै काँधमा काँध मिलाएर मिलेर बसीरहनु भएको छ, कसैलाई एकअर्काको जातको बारेमा केहि थाहछैन अनि थाह भएपनि कसैलाई कुनै आपत्ति छैन किनभने यिनीहरुले यो भाव राखेकाछन्-

एक नूर ते सभु जगु उपजिआ कउन भले को मंदे।

र

लोगा भरमि न भूलहु भाई
खालिकु खलक खलक महि खालिकु।
पूरि रहिओ सब्र ठांई।

यस प्रकारले यस्तो दृष्टि यस्तो भावना हजुरहरुले प्राप्त गर्नुभएको छ र हजुरहरु संसार सामु यो उदाहरण प्रस्तुत् गरीरहनुभएको छ । गुरु-पीर-पैगम्बरहरुले यस्तो चाहेका थिए कि मान्छेको यस्तो सोच, यस्तो भावना बनोस् यस्तो आचरण बनोस् जसले गर्दा यो संसार मगमगाउन सकोस्, प्रेमको शीतल झरना बनेर यो वातावरणमा शीतलता प्रदान गरोस् । गुरु-पीर-पैगम्बरहरुले सधैं यहि चाहेकाथिए । के हजरत मोहम्मद साहबले यसको विपरित कुरा गर्नु भएकोथियो ? के श्री रामले यसको बीपरित चाहनु भएकोथियो ? के श्री गुरु नानक देव जी महाराजले यसको बिपरित चाहेकाछन् ? कुनैपनि गुरु-पीर-पैगम्बरहरुले यसको विपरित कहिल्यै चाहेनन् । उनीहरुले यहि चाहे कि यदि मानवको रुपमा जन्म भएको छ भने मानवताले युक्त भएर जीवन जिऔं । वैर, ईर्ष्या, नफरतको भावलाई त्यागेर, प्रेम, दया, करुणाको भावले युक्त भएर यो जीवन जिऔं, यसरी सबै एकर्काको काम आऊन्, यी उनीहरुका शिक्षाहरुथिए, उनीहरुका निर्देशहरु थिए । तर हामीहरुलाई अज्ञानीहरु भेटिए र हामीलाई अल्मल्याईदिए, हामीलाई लडाईदिए, हाम्रो मनमा बीष घोलीदिए र यस कारणले हामी एकर्कालाई मन पराउँदैनौं यसरी हाम्रो मनमा बीष घोली दिएकाछन् । गुरु-पीर-पैगम्बरहरुको एउटा पावन पवित्र सन्देश थियो, उसलाई यस्तो किसिमको रुप दिए र यस्ता किसिमका भावहरु मान्छेहरुको दिमागमा भरीदिए कि उनीहरु त्यो भन्दा अरु सोच्न तयार नै छैनन् अनि उनीहरु पनि त्यहि दृष्टिले हेर्न थाल्छन् । जब हामीलाई त्यस्तो संगत मिल्दछ तब त्यो संगतले हामीलाई कहाँबाट कहाँ पुऱ्याउँछ । जस्तै कुनै कविले पनि भनेकाछन्–

हुआ गुलाब तो काँटा बनगया एक शख्स । हुआ चिराग तो घर को ही जला गया एक शख्स । पलट सकूं न आगे बढ सकूं, ये कैसी राह पर चला गया एक शख्स ।

हामीलाई यस्ता अज्ञानी मान्छेहरु भेटिन्छन् जो आफुपनि स्वार्थी हुन्छन्, यिनीहरुले हामीलाई धर्मको नाममा लडाउँछन्, हामीहरुको बीचमा दूरीको सृजना गर्दछन् । आफ्नो स्वार्थ पूरा गर्नको लागि भिभिन्न प्रकारका भ्रम र भ्रान्तिहरुमा पारीदिन्छन् । हामीलाई यस्ता मान्छेहरु भेटिन्छन् र हामीलाई कतैको छोड्दैनन् । मानिसहरुको बुद्धिमा यस्तो एउटा पर्दा पर्दछ र उनीहरुलाई यो महसुस नै हुदैन कि गुरु-पीर-पैगम्बरहरुले के भनेकाछन् त्यसतिर उनीहरु ध्यान नै दिदैनन् । स्वार्थवादीहरु हामीलाई जुन Interpretation (व्याख्या) दिन्छन् हामी त्यसैलाई मान्दछौं र त्यसैमा आधारित बन्दछौं र त्यो भन्दा बढी हामी सोच्नै सक्दैनौं र

गुरु-पीर-पैगम्बरहरुका सन्देशहरु त universal (सार्वभौमिक) थिए भन्नेकुरा बीसिन्छौं र त्यसतिर हाम्रो सोच नै जदैन। यस प्रकारले महापुरुष सन्तजनहरुले सदैव हरेक युगमा, हरेक बेलामा मान्छेहरुलाई त्यसतिर ध्यान दिलाउँदै आएकाछन्। कतै तिमी पनि त्यसै भावमा बगीरहेका त छैनौ, कतै तिमीहरुले पनि यो सत्यसंग नाता तोडी सकेका त छैनौ। कतै तिम्रा भावनाहरु पनि संकीर्ण त भएकाछैनन्। कतै तिमी पनि राम र अल्लाहको नाममा अल्झिएका त छैनौ। ए मानिसहरु बुझ राम र रहीममा कुनै अन्तर छैन, पैगम्बरहरुमा कुनै अन्तर छैन, मानवहरुमा कुनै अन्तरछैन। सबै यो एकबाट आएकाहुन्, सबै एकबाट उब्जिएकाहुन्, सबैमा एक परमात्माको अंश बस्तछ र जस्तै पहिले पनि भनियो कि सबैमा एक जस्तै तत्वहरु लागेकाछन् वा सबै पाँच तत्वले बनेकाछन्। ठुला जात भनाउँदाहरुमा पनि एक तत्व बढी लागेकोछैन र जसलाई हामी सानो जातको भनेर हेलागर्छौं, उपहास गर्छौं उनीहरुमा पनि एक तत्व कम लागेकोछैन।

माटी एक अनेक भांति करि साजी साजनहारै।
ना कछु पोच माटी के भांडे, कछु पोच कुंभारै।

यस प्रकारले महापुरुष-सन्तजनहरुले युगौं देखि यहि सन्देश, यहि पैगाम दिएकाछन्। हाम्रो मनमा पनि यो जुन विषालुपन छ, यो अज्ञानताको कारणले हो र यसलाई हटाउँदै जाऔं। हाम्रो मन धेरै विशालु बनाइएको छ र जति बेर सम्म हामी अज्ञानतामा रहन्छौं, जब सम्म हामीलाई वास्तविकताको समझ हुँदैन तब सम्म यो विषालु हुन्छ। जस्तै पहिले पनि सूफी सन्तहरुले भनेकाछन्–

गल समझ लई फिर रौला कि,
राम रहीम ते मौला की।

यो बुझ्नु पर्ने कुरा हो। यो कुरा बुझ्यो भने त उज्यालो हुन्छ, त्यसपछि काम बन्दछ र भट्किएको चाल समाप्त भएर समालिएको चाल बन्दछ, त्यसपछि दानवता मानवतामा परिवर्तन हुन्छ, रिस करुणा र प्रेममा परिवर्तन हुन्छ र यसबाट हामी आफैलाई र अरुलाई पनि लाभ हुन्छ। जुन यो विषालुपन छ, जसले हाम्रो मनलाई, हाम्रो भावनालाई विषालु बनाएको छ त्यसैको कारणले हाम्रो व्यवहार पनि विषालु बनेकोछ त्यसबाट हाम्रो बचावहोस् र हामी त्यसबाट टाढा रहौं। यसपालि केहि दिन पहिले पनि हजुरहरुलाई थाह छ, हामी विभिन्न रोगहरुको बारेमा सुन्छौं र विशेष गरेर दिल्लीमा डेंग्यू ज्वरोको प्रकोपको बारेमा सुन्नुभयो होला, कति मान्छेहरुमा त्यसको असर भएकोथियो। अब त्यो कुनै हात्ती जत्रो ठुलो त छैन, त्यो एउटा mosquito (लामखुट्टे) को कत्रो आकार हुन्छ, यसरी सानो आकारको त्यो मच्छरले पनि कति ठुलो समस्या ल्याउँछ, कति दुख दिन्छ। प्लेट्लेट्स् संख्या कति तलझर्छ। एउटा सानो मच्छरले पनि हामीलाई कति रोगी बनाउँछ हामीलाई थाहै हुन्न, कतिपयको त ज्यानै जान्छ। अब अलिकति बिचार गरौं, एउटा सानो त्यो मच्छरले हाम्रो ज्यानसंग खेल्छ, हाम्रो शरीरलाई कस्तो बनाइदिन्छ, त्यसका कारणले अरु Organs (अङ्गहरु) मा पनि प्रभाव पर्दछ। यसरी नै हाम्रो मनमा पनि कति विषालु कीराहरुछन्, वैरका कीराहरुछन्, नफरतका कीराहरुछन्, घृणाका कीराहरुछन् अनि यी सबै कीराहरुले कति हानी पुऱ्याउँदा होलान् अलिकति सोचौं। एउटा त्यो स्यानो मच्छरले हाम्रो ज्यानसम्म लिन सक्छभने यी विषालु भावनाहरुले हामीलाई कहाँ चैनसंग बस्न दिंदाहोलान्? यिनीहरुले हामीलाई कहाँ मानव सरह बाँच्न दिंदाहोलान्? यी सबैले केवल

नोक्सान नै गर्दछन्, हानी पुऱ्याउँछन्, त्यसैले यो कुरा बुझ्नु अत्यन्त जरुरी छ । यी निचोडहरु युगौं, शताब्दीऔं देखि निकालिएकाहुन्, जस्तै कसैले भन्यो कि गत २० वर्षमा मैले केहि कुरा बुझेको छु, अनि अर्कोले सोच्यो शायद यसले बीस वर्षसम्म केहि खोज गरेकोहोला । अनि ऊ भन्न थाल्यो, मैले बीस वर्ष सम्म यो अनुभव गरेको छु कि जब-जब रेल्वेको फाटक बन्दहुन्छ त्यसबेला पक्कै पनि त्यहाँबाट रेल जान्छ, अनि यो कुरा मैले बीस वर्षदेखि अनुभव गरेको छु । दासपनि सोची रहेकोथियो कि जसरी त्यो मान्छे भनिरहेकोथियो कि त्यो फाटक बन्दभएपछि त्यहाँबाट रेल जान्छ, तर यो पनि एउटा सरल कुरा हो कि कुनै बीस वर्षको कुरा होइन, यसको गहिराइमा जानुपर्छ भन्नुछैन, यो अनुभव गरेको कुरा हो । दिन-रात अनुभव गरेको कुरा हो यदि अहंकार छ भने आनन्द हुँदैन, यदि संकीर्णता छ भने आनन्द हुँदैन, यदि प्रेम करुणाको भाव छैनभने हाम्रो रुप विग्रन्छ र हामी आफुपनि सुख-शान्तिले बस्दैनौं र हअरुलाई पनि बस्न दिदैनौं । यदि हाम्रो वाणीमा मीठास छैनभने तीतो बोलीले अवस्य पनि दिल दुखाउँछ अर्थात् दुखाएरै छोड्छ, दूरी स्थापित गरेर नै छाड्छ । यसरी यी निचोड युगौंदेखि निकालिएका छन् त्यसैले महापुरुषका सन्देशहरु यसैमा आधारितछन् जो आजपनि दोहोऱ्याइदैछन् ।

यहि अरदास प्रार्थना गरिन्छ कि दातारले यस्तो कृपा गरुन् । सबै मानवहरु यस्तो सुमतिले युक्त होऊन र सबैले समयको सदुपयोग गरुन् । जीवनको यो यात्रा त्यति लामो छैन, यदि हामी केहि मभअबमभक (दशकहरु) सम्म बाँच्दछौ भनेपनि महापुरुषहरु भन्छन् Eternity (अनन्तकाल) को तुलनामा त्यो एउटा spot (बीन्दू) भन्दापनि कम हुन्छ । यो एक blinking (क्षण) भन्दापनि कम हो । यदि timelessness (कालीनता) लाई हेर्यौंभने जीवनका यी ६० वर्ष, ७० वर्ष, ९० वर्ष १०० वर्षको अवधि कुनै ठुलो कुरा होइन । यो क्षण भंगुर जस्तो छ, त्यसैले हाम्रो जीवनको यस रुपमा कदर गरौं र जीवनको रुप राम्रो बनाऔं, हामी यो परमात्मा ईश्वरसंग नाता जोडौं । यसलाई दिलमा बसाऔं, गुरु- पीर-पैगम्बरहरुको मतिले युक्त बनौं र मानव भाइचाराको भावनाले युक्तबनि एकताको सूत्रमा बाँधिएर यो संसार, यो पृथ्वीलाई नर्क होइन स्वर्ग बनाउँदैजाऔं ।

दास देखीरहेको छ कि समय धेरै अगाडि गइसकेको छ र अरु बढी शब्दहरुको सहारा नलिएर यो सन्त समागमको पहिलो दिन दास शब्दको रुपमा आफ्नो भावनालाई यहिँ विराम दिन्छ । अझै अरु दुई दिन छन् र अझै ती दुई दिनहरुमा यो सुन्दर पूलहरुको बासनाको वातावरणमा जो महापुरुषहरु आफ्ना भावहरु राख्नेछन्, त्यो हजुरहरु श्रवण गर्नुहुने छ, आनन्द लिनुहुने छ र त्यो समय प्रेमले बिताउनु हुनेछ, मर्यादा, discipline (अनुशासन) का साथ बिताउनु हुनेछ ।

साध संगत जी,
धन निरंकार जी ।

प्रस्तुतिः राजपाल नासा
नेपाली अनुवादः अमर ताम्राकार

सन्त निरंकारी मिशनका पाँच प्रण

सन्त निरंकारी मिशनका पाँच सिद्धान्त जसलाई पाँच प्रण पनि भनिन्छ, जुन धेरै अनमोल रहेकोछ। यी पाँच प्रणहरुलाई 'पंचामृत' को नामबाट पनि सम्बोधित गरिएकोछ। यसको अर्थ हो कि जुन प्राणीले यी पाँच प्रणहरुलाई जीवनमा ढाल्ने गर्दछ, त्यसको जीवन नै परिवर्तन हुने गर्दछ। मन निर्मल, चित्तमा शान्ति, अहंकार रहित जीवन, कसैसंग भै-झगडा हुँदैन, विरोध हुँदैन, गुनासो हुँदैन। गृहस्थी जीवनमा खुशीको वातावरण त त्यतिबेला आउने गर्दछ जब हामी यी पाँच प्रणहरुलाई धारण गर्दछौं। जुन प्रकारले भनिएकोछ कि शेरनी (बाघिनी) को दूध सुनको कटोरा अड्दैन, त्यस्तै प्रकार पाँच प्रणलाई अपनाउनुले मानवको आचरण र विचार यति शुद्ध हुने गर्दछ कि त्यो पूर्ण समर्थ सद्गुरुको चरणमा पुगेर ब्रम्हाज्ञान प्राप्त गर्नुको योग्य हुने गर्दछ। पाँच प्रणहरुको बारेमा शहंशाह बाबा अवतार सिंह जी लेख्नु हुन्छ-

दारु पूरा बाझ परहेजो, असर जिवें नही कर सकदा।
अमल न हत्थों करिये जेकर, कम नही कोई सर सकदा ।
धूड नही मिलदी सन्तजनां दी, जेकर मन सत्कार नही ।
ज्ञान कदी नही दिल विच टिकदा, जे गुर ते इतबार नही ।
गुर बिन होंदा ज्ञान कदी नही, मन बिन ज्ञान खलोंदा नही ।
अवतार जे पंज प्रण ना मन्निए, शब्द बोध वी होंदा नही ।

(अवतार बाणी- ९)

यसप्रकार उपरोक्त शब्दहरुमा यो सम्झाउने प्रयत्न गरिएकोछ कि पांच प्रणहरुलाई मान्नु अति अवाश्यक छ। यदि पाँच प्रणलाई मान्दैनौ भने जुन प्रकार बिना बारेको औषधीले असर गर्दैन र रोगीले स्वास्थ्य लाभ प्राप्त गर्न सक्दैन । त्यस्तै प्रकार यदि पाँच

प्रणलाई मान्दैनौ भने न त गुरुमाथि कुनै विश्वास आउछ न त सन्तहरुबाट आशीर्वाद प्राप्त हुन्छ र यदि ज्ञान प्राप्त भए पनि त्यो जीवनको अंग बन्न सक्दैन । यसरी सद्गुरुले पाँच प्रणहरुको जुन हामीलाई अमृतपान गर्नको लागि दिएकोछ, आउनुहोस् हेरौ कि त्यो पाँच प्रण के हो र यीनीहरुको जीवनमा के महत्व छ ?

बाबा अवतार सिंह जी ले पहिलो प्रणको वर्ण गर्दै सुन्दर शब्दमा उल्लेख गर्नु भएको छ कि-

सब तों वड्डी दात एह तैनू बखशी सुन्दर काया ए ।
पर एह समझ अमानत एहदी, सारा माल पराया ए ।
मन है जिसदे आखे लगके, हर वेले तूं होनै खुवार ।
सारी दुनियां अपणी समझ, करना एं झूठा हंकार ।
महल माडियां कुल्ल्य कबीला, जिन्नी तेंरी माया ए ।
जो कुछ दिस्दै सब कुछ भूठे चलदी फिरदी छाया ए ।
वरतदे होया एन्हां नूं जे, हुकम रब्ब दा जापेगा ।
हौमै रोग ना लग्गे तैनूं बन्दे मौजां मापेगा ।
जिसदी वस्तु ओहदी समझे कम्म की तकरार दा ए ।
कहे अवतार एह पहला प्रण ए, तन मन धन निरंकार दा ए ।

(अवतार बाणी - ९ क)

उपरोक्त शब्दहरुमा प्रत्येक मानवलाई यी कुराहरुलाई सम्झाउने प्रयत्न गरिएको छ कि तिमीसंग जुन यो ईश्वरले तीन उपहार दिएकाछन्, एक तन, अर्को मन र तेस्रो धन यी सबै निरंकारका हुन् । हुनु पनि सत्य हो कि जुन प्रभु परमात्माले सम्पूर्ण प्रकृतिको रचना गरेकोछ, त्यसै प्रभु परमात्माले हाम्रो शरीरको निर्माण गरेको हो । जुन प्रभुले परमात्माले सूर्य, चन्द्र, तारा बनाउनु भयो, धरती, पानी, आगो बनायो, जीव, वायु, आकाश बनायो, त्यसै प्रभु परमात्माले हाम्रो यो सुन्दर शरीरको निर्माण गरयो, जसले हामी तन भन्छौ । कति सुन्दर हाम्रो मन बनाएकोछ, यस मनबाट हाम्रो विचार प्रवाह गर्दछौ, जुन हाम्रो वाणी तथा कर्मको आधार बन्ने गर्दछ र धन अर्थात हामीलाई सम्पूर्ण सुख दियो, खान-पीनको व्यवस्था गरयो, लगाउनको लागि लुगा र वस्नको लागि घर दियो । जब हामी बिमारी हुन्छौ भने औषधि, पैसा कमाउनको लागि राम्रो नौकरी या व्यापार गर्छौ । यी सबै प्रभुको कृपा नै हो । हामी यो भन्न सक्छौ कि हामी मिहनेत छौं तर वास्तविकता यो हो कि मिहनेत पनि यसले स्वयंले नै गराउँछ । एक शायरले निकै सुन्दर शब्दमा उल्लेख गरिएकोछ कि-

क्या दूं तुझे कि सब कुछ तूने मुझे दिया है,
नजराना बस यही है जज्बात आजजी के ।

हे ईश्वर प्रभु परमात्मा, जुन पनि मसंग छ, चाहे यो तन हो, चाहे मन हो, चाहे धन हो, म कुनै चिज बनाउने योग्य छैन् । यो सबै चिज हजूरका हुन् । यो सुन्दर आँखा, यो सुन्दर शरीर, यो सुन्दर हेराई मेरो बसको कुरा होइन । म त एक माटोको कण पनि उत्पन्न गर्न सक्दैन । जस्तै सन्त कबीर जी ले भन्नु भएकोछ कि-

कबीर ना हम कीआ ना करहिगे न कर सकै सरीरु ।
किआ जानउ किछु हरि कीआ भइओ कबीर कबीर ।

(आदि ग्रन्थ- १३६७)

कबीर मेरा मुझ महि किछु नही जो किछु है सो तेरा ।
तेरा तुझ कउ सउपते किआ लागै मेरा ।

(आदि ग्रन्थ- १३७५)

यस प्रकार पहिलो प्रणमा सद्गुरु बाबा जी ले हामीलाई सम्झाउदै हुनुहुन्छ कि यो तन, मन, र धन ईश्वरको हो, हामीले केवल यसको सदुपयोग गर्नु छ । मालिक बन्नु छैन् । अहंकार गर्नु छैन् । नम्रतामा रहनु छ । प्रभुका भक्तहरुको सेवा गर्नु पर्दछ । यसरी शुद्ध हृदयले यी कुराहरुलाई मान्नुछ कि मसंग जुन तन, मन, धन छ, ति सबै प्रभुको हुन् र यीनीहरुको बारेमा कतै बहस-पैरवी अशंका नै छैन् । यस्तो मान्नुले जीवन सुखी रहन्छ ।

यसप्रकार सद्गुरु बाबा जी दोस्रो प्रणमा भन्नु हुन्छ कि-

इक्को नूर है सभ दे अन्दर, नर है चाहे नारी ए।
ब्राह्मण खतरी वैश हरिजन, इक दी खलकत सारी ए।
देह सभनां दी इक्को जेही, इक्को रब संवारी ए।
जात पात दे झगड़े काहदे, काहदी लोकाचारी ए।
हिंदू मुसलम सिख ईसाई, इक्को रब दे बन्दे ने।
बन्दे समझ के प्यार है करना, चाहे भावें मन्दे ने।
जे सभनां विच इक्को रब ए, कैसा कुण ते कैसा ए चंगा ।
जिवें गन्दगी मिल गंगा विच, हो जान्दी ए आप वी गंगा।
सभनूं इक्को जिहा जाण के मन दी आकड़ भनणी तूं।
कहे अवतार एह दूजा प्रण ए, वर्ण जात नहीं मनणी तूं।

(अवतार बाणी- ९ ख)

उपरोक्त शब्दहरुमा सद्गुरुले हामीलाई केही कुरा सम्झाउने प्रयत्न गरिरहेकाछन् कि सिद्धान्त रुपमा सब एक हुन्। केवल आफ्नो ड्युटी गर्ने हिसाबबाट हामी भिन्न-भिन्न लाग्छौं तर वास्तवमा सत्य कुरा भने यो हो कि सबै एक छ। हामी सबै मानव हौं, एक पिताका सन्तान हौं। प्रत्येक प्राणीमा एक नै ज्योति काम गरिरहेकोछ। कबीर जी भन्नु हुन्छ कि-

अवलि अलह नूउ उपाइआ, कुदरति दे सभ बंदे।
एक नूर ते सभु जगु उपजिआ, कउन भले को मंदे।

(आदि ग्रन्थ- १३४९)

जुन प्रकारले महात्मा बुद्धलाई जब ज्ञान भयो त्यति बेला उहाँले भन्नु भयो कि म अब अज्ञानताको शिकार छैन् किनभने मलाई अब ज्ञान भइसकेकोछ। मलाई अब यो थाह भयो कि म शरीर होइन, म त दिव्य-ज्योति हूँ। रोगी हुन्छ मेरो शरीर, कमजोर हुन्छ मेरो शरीर, बुढो हुन्छ मेरो शरीर र मर्ने गर्छ मेरो शरीर। म त दिव्य-ज्योति हुँ, म त नूर (ज्योति) हुँ। श्रीमद्भगवद्गीतामा उल्लेख गरिएकोछ कि मलाई कुनै शस्त्रले काट्न सक्दैन, आगोले जलाउन सक्दैन, हावाले उडाउन सक्दैन र

पानीले भिजाउन सक्दैन। आत्मा सर्वव्यापक रहेकोछ, सर्वशक्तिमान रहेकोछ र सर्वज्ञ छ। गुरबाणीमा भनिएकोछ कि-

रुपु न रेख रंगु किछु त्रिहु गुण ते प्रभ भिन्न।
तिसहि बुझाए नानका, जिसु होवै सुप्रसन्न।

(आदि ग्रन्थ- २८३)

यसको तात्पर्य यो हो कि सम्पूर्ण प्राणी शरीर होइन, सैद्धान्तातिक रुपमा आत्मा हो र एक छ। चाहे कुनै पुरुष होस, चाहे कुनै स्त्री होस्, चाहे कुनै ब्रम्हाण होस्, क्षेत्रि होस्, वैश्य होस अथवा शूद्र होस, सबै प्रभु परमात्माका सन्तान हुन्। अभिमान गर्ने कुनै वस्तु छैन्। घृणा अथवा भेदभाव गर्ने वस्तु होइन। यदि हामी शरीरको हिसाबबाट पनि हेर्छौं भने धेरैको एक जस्तै काया रहेकोछ। यी सबैलाई ईश्वरले एक जस्तै बनाएकोछ। सैद्धान्तिकरुपमा कुनै नजर आउदैन। यसकारण यहाँ जुन जात-पातको झगडा हुने गर्दछ, यसको कुनै अर्थ छैन्

। चाहे कोही हिन्दु होस्, चाहे कोही मुसलमान होस्, चाहे सिख होस, चाहे ईसाई होस्, यी सबै मानव हुन्, एक छन् र भाई-भाई हुन् । यसमा रत्तीभर पनि शंका गर्ने जस्तो कुनै कुरा छैन् । यसकारण यदि तिमीलाई सबै प्राणी भिन्न-भिन्न नजर आउँछन् भने भिन्नता तिम्रो मनमा

रहेकोछ । वास्तविक स्थिति त यो रहेकोछ कि हामी सबै एक हौ, एक प्रभुका सन्तान हौ र भाई-भाई हौ । यसकारण यो दोस्रो प्रणमा सद्गुरुले हामीलाई यो सम्झाई रहेकाछन् कि तपाईले कसैलाई आफूभन्दा भिन्न सम्झनु भएकोछैन् । एक अर्कासंग हामी सबैले मिलेर अगाडि बढ्नुछ, एक अर्कासंग प्रेम बढाउनु छ, मित्रता गाँस्नुछ र सबैको भलाईको कामना गर्नु छ । यसप्रकार हामीले प्रेमको वातावरण सिर्जना गरेर स्वयं पनि खुशी रहनुछ र सबैलाई सुख प्रदान गर्नुछ ।

यस प्रकार तेस्रो प्रणमा हामीलाई सद्गुरु सच्चेपातशाह सम्झाउनु हुन्छ कि कसैको खान-पिन र लगाउनुमा हामीले कुनै आपत्ति गर्नु हुँदैन र न त कुनै यस्तो घृणा गर्ने जस्तो कुरा गर्नु पर्दछ जसबाट अरुलाई कुनै असर परोस अथवा दुःख लागोस । अवतार वाणीमा यस कुरालाई निम्न प्रकारले वर्ण गरिएकोछ कि-

धरती उत्ते हर मौसम दा, वखरा ताणा वाणा ए ।
वक्खो वख पहरावा सभ दा, वखरा पीणा खाणा ए ।
रब ने कुझ नहीं खाध नूंदस्या, रब वल्लो कुझ वन्द नहीं ।
खाण पीण है तन दी खातर, रूह दा कोई संबन्ध नहीं ।
कदी बैठ के ठंडे दिल नाल, बंदे एह गल सोच विचार ।
तेरा की नुकसान ने करदे, धोती, कच्छा ते सलवार ।
तैंनूं जेहड़ा चंगा लगे, खा पी ते वस्तर पा ।
दुनियां दा उपदेशक बण के, होर न झगड़े पया वधा ।
कहे अवतार एह रब है मिलदा, सारा माप गंवावण ते ।
तीजा प्रण नफरत नहीं करनी, पहनण पीवण खावण ते ।

(अवतार वाणी- ९ग)

यसप्रकार सद्गुरुले हामीलाई यस कुरालाई सम्झाउने प्रयत्न गर्दै भन्नु हुन्छ कि व्यक्तिको खान-पिनमा र पोशाक आदिमा हामीले कुनै घृणा गर्नु हुँदैन । यी सबै खान-पिन त तनलाई पुष्ट र स्वस्थ राख्नको लागि हो । चाहे केही पनि खाऊ र पिऊ । त्यसको प्रयोजन केवल तनलाई शक्तिशाली राख्नु हो । सद्गुरुले हामीलाई सम्झाउनु हुन्छ कि जुन वस्तु हाम्रो मनलाई राम्रो लाग्छ र स्वास्थ्यको लागि पनि

ठीक छ, त्यो धेरै खाऊँ । यस प्रकार लुगा पनि आफ्नो वातावरण कै हिसाबले लगाउने गरिन्छ । डाक्टरले कसैलाई भन्दछन् कि सूती कपडा नै लगाउनु पर्नेछ । त्यस्तै प्रकारले गर्मीमा चिसा लुगाहरु । चिसोमा ताता लुगाहरु लगाउनु पर्नेछ । सद्गुरु बाबा हरदेव सिंह जी हामीलाई सम्झाई रहनु भएकोछ कि प्रत्येक देश, प्रत्येक राज्य र प्रत्येक ठाउँमा भिन्न-भिन्न वातावरण र सुविधाबाट प्राप्त हुने वस्तुहरुको हिसाबले मानवहरुको खान-पिन अलग हुने गर्दछ । यसकारण खानु, पिउनु र लगाउने कुरामा हामीले हर व्यक्तिको सुविधामाथि छोड्नु पर्दछ । तैपनि सोचौ सक कुनै चिज खाऊ, कुनै चिज पिऊ र कुनै चिज लगाऊ यसबाट हामीलाई के फरक पर्दछ ? भनिन्छ कि बाँचौ र बाँच्न दिऊँ । यसप्रकार स्वयं पनि सुविधापूर्वक जीवन गुजारौ र अर्कालाई पनि सुविधालाई ध्यानमा राख्दै उनीहरुलाई पनि उनीहरुको सुविधाको अनुसार शान्तिले बाँच्न दिऔं । यो कुरा बाबा जी ले हामी सबैलाई तेस्रो प्रणमा सम्झाउनु हुन्छ । त्यसैले हामीले निन्दा, चुगली, फटाई, घृणा, वैर भाव गर्नुबाट बच्नु पर्दछ ।

यहाँ एउटा कुरा उल्लेखनीय रहेको छ कि जब खान-पिनबाट र लगाउनेको प्रश्न आउछ र हामी आफ्नो वातावरणको अनुसार चयन गर्ने स्वतन्त्रता प्राप्त हुन्छ भने हामी आफ्नो सामाजिक वातावरणलाई ध्यानमा पनि राख्नु पर्नेछ । अतः बाबा जी हामीलाई अनेक किसिमका नशालु पदार्थहरुबाट टाढा रहने भन्नु हुन्छ किनकि समाजमा हाम्रो कुनै किसिमको बदनामी नहोस । यस्ता पदार्थहरुको सेवनबाट शरीरको लागि पनि ठीक हुँदैन ।

चौथो प्रणको माध्यमद्वारा सद्गुरु बाबा जी हामीलाई सम्झाउने प्रयत्न गर्नु हुन्छ कि आफ्नो गृहस्थीलाई निकै सुन्दर ढंगबाट सञ्चालन गर्नु पर्दछ । कसैको भनाईमा घर, बाल-बच्चालाई छोडेर साधु फकीर बन्नु हुँदैन र पहेलो लुगा लगाएर कसैको घर-घरमा गएर भीख (भीक्ष्या) पनि माग्नु हुँदैन । समाजलाई बोझ बनाउनु हुँदैन । यो कुरा पनि सबैलाई थाह छ कि प्रभु परमात्मा कण-कणमा, हर ठाउँमा व्याप्त रहेकाछन् भने फेरी हामले यसलाई पाउनुको लागि घर-बार छोडेर जंगलमा जानुको के आवश्यकता छ ? यसमा कुनै सन्देह छैन कि प्रभुलाई पाउनको लागि ब्रम्हाज्ञान प्राप्त गर्नु आवश्यक रहेकोछ र ब्रम्हाज्ञान प्राप्त गर्नको लागि पूर्ण समर्थ सद्गुरुलाई खोज्नुको आवश्यकता रहेकोछ तर यो कुरा गलत हो कि साधु फकीर बनेर वैरागी बन, सन्यासी बन, घर-बार छोडेर जंगलमा जानु पर्छ । यसप्रकार बाबा अवतार सिंह जी भन्नु हुन्छ कि-

अपणा इक ठिकाणा छड के, दर दर धक्के खाणे नही ।
रहणा सदा गृहस्थी बण के, भगवे कपडे पाणे नही ।
भीख मंग के भेस वटा के, होणा नही तूं बन्दे ख्वार ।
दसां नवां दी किरता कमाणी, नही बणना दूजे ते भार ।
भाणे विच खुश रहणा हरदम, भरमां विच न जन्म गवा ।
गृहस्थी रहणै चौथा प्रण ए, कहे अवतार न भेख बणा ।

(अवतार बाणी - ९घ)

उपरोक्त शब्दहरुमा सद्गुरु बाबा अवतार सिंह जी हामीलाई सम्झाउनु हुन्छ कि जीवनमा गृहस्थी बनेर बस्नुछ । यस जन्ममा आएका छौ त ब्रम्हाज्ञान लिनु छ र फेरि गृहस्थी आश्रममा प्रवेश गर्नुछ । साधु-फकीर बनेर यता-उता धक्का खानु हुँदैन । पहेला लुगा लगाउनु छैन् र आफूले आफैलाई श्रेष्ठ व्यक्ति पदेवी सम्झेर समाजमा भार बन्नु छैन् । घर छोडेर जंगलमा जानु, त्यहाँ शरीरमा खरानी घस्नु, धेरै दिनसम्म न नुहाएर बस्नु, त्यस्तै प्रकारले कहिले खान खानु र कहिले न खानु ठिक कुरा होइन । सद्गुरु बाबा जी भन्नु हुन्छ

कि गृहस्थीमा बसेर कमाउनुछ, बाल-बच्चाहरुको पालन-पोषण गर्नुछ, आफ्नो जीवन पनि सफा-स्वाच्छ राख्नुछ, सेवा पनि गर्नुछ, सिमरन पनि गर्नु छ । साध-संगतमा गएर सन्तहरुबाट आशीर्वाद पनि लिनुछ र यस्तै प्रकारले जीवनमा स्वयं पनि खुशी रहनुछ र अर्कालाई पनि खुशी राख्नुछ । आफ्नो कर्तव्यलाई राम्रो किसिमले पालन गर्नुछ र फलको इच्छा गर्नु छैन् । यस प्रकार सद्गुरुले हामीलाई गृहस्थी बनेर सुन्दर ढगबाट जीवन जिउने प्रेरणा प्रदान गर्दै आई रहनु भएकोछ जसले हामी समाजको सुन्दर स्वरुप बन्न सकौ ।

यस्तै प्रकारले सद्गुरुले हामीलाई ब्रम्हाज्ञान दिनुभन्दा पहिले पाँचौं प्रण सम्झाई रहेका छन् कि आफूले आफैलाई कहिलै ज्ञानी, विद्वान सम्झनु छैन् । यो संसार, सम्पूर्ण ब्रम्हाण्ड धेरै ठूलो रहेकोछ । यसमा बस्ने सबै जीव-जन्तु धेरै ठूला छन् । प्रत्येकबाट केही न केही कुरा सिक्नुछ । यसबाट मानव अहंकार रहित बन्नेछ । बाबा अवतार सिंह जी भन्नु हुन्छ-

इक दिन हट्टी बैठ सराफी, गहणी नही बणा सकदा ।
मुंडा जे हो जाए मनीटर, मास्टर नही अखवा सकदा ।
आप जो अज स्कूले बैठे उसने सक्णै की सिखा ।
अपणा सबक जां पक्का हो जाए, फेर किसे नूं लए पढा ।
भेद प्रभु दा खोल रिहां जो, इस तो कदी वी डोली ना ।
कहे अवतार एह पंजवाँ प्रण है हुक्म बिना एह खोली ना ।

(अवतार बाणी - ९ड)

उपरोक्त शब्दहरुको भाव यही हो कि जुन प्रकारले कुनै सुनको पसलमा कुनै व्यक्तिलाई बसालेर त्यसले एक दिनमा कुनै प्रकारको गहना बनाउन सक्दैन, कक्षामा कुनै विद्यार्थी मनीटर बन्छ भने, त्यो त्यहाँको विद्यार्थीहरुलाई पढाउने लायक हुन सक्दैन । जो आज स्कूल आएकोछ, त्यसले अरुलाई के पढाउन सक्छ ? जब ऊ पढेर स्वयं योग्य बन्नेछ तब उसले कसैलाई पनि शिक्षा दिन सक्नेछ । यसकारण सद्गुरुले हामीलाई सम्झाउदै हुनुहुन्छ कि कतै तिमीले यो न सोच कि अब मैले यो ब्रम्हाज्ञान प्राप्त गरिसके र यो ज्ञान अर्कालाई यसको भेद अरुलाई पनि खोलु, यस्तो तिमीले कहिलै गर्नु छैन् । जब तिमीलाई सद्गुरुले ज्ञान प्रदान गर्ने आज्ञा देलान तब तिमीले यो सेवा धेरै गर्नुछ किनभने प्राप्त हुनेछ र तिमीले यस कार्यलाई सेवा सम्झेर गर्नेछौ भने आफूलाई ज्ञानी भएको अहंकार आउनेछैन् । यदि यसको विपरित तिमीले आफ्नो मनमानीले गरेर यस ज्ञानलाई अरुलाई भन्नेछौ भने यो ज्ञानको कसैमाथि राम्रो असर पर्ने छैन् किनभने तिमीले यो कार्य सेवा सम्झेर गरेनौ कि आफूले आफैलाई ज्ञानी सम्झेर गरयो । यसकारण बाबा जी यो कुरा सम्झाउदै हुनुहुन्छ कि जबसम्म ज्ञान दिने आज्ञा प्राप्त हुदैन, यो सत्यको ज्ञानलाई कसैलाई बताउनु छैन् ।

गुरु मर्यादामा नै रहौं

-विकास अरोडा (रेवाडी, हरियाणा)

नदीका दुई किनारा र त्यसको बिचमा बग्ने पानीको धाराले खेतको सिचाई भैरहेकोछ, डुंगा चलिरहेकोछ र माछा मार्नेहरु माछा समाति रहेकाछन्, बाँध बनाएर विद्युत उत्पादन भैरहेकोछन्, जसमा लाखौं गाऊँ र शहरहरुमा उज्यालो प्राप्त भईरहेकोछ । जबसम्म नदी आफ्नो सीमामा बगि रहन्छ, त्यसबाट अनेकौं फाईदाहरु लिन सकिन्छ । यदि नदीले आफ्नो सिमा तोड्छ भने त्यसको असर के हुन्छ भन्ने कुरा हामीलाई थाहै छ । बाढी आउँछ त्यसबाट हजौरा मानिसहरुले आफ्नो ज्यान बचाउनको लागि अरु ठाउँ भाग्नु पर्दछ, बेघर हुनु पर्दछ, आफ्ना धेरै चिजहरु गुमाउनु पर्दछ । अतः यसलाई गहिरीर बिचार गर्दा आखिर यस्तो कसरी भयो ? नदी त्यही नै हो । त्यसमा बग्ने पानी पनि त्यही नै हो । फेरी यति ठूला भिन्नता कसरी भयो ? केही समय अघिसम्म त यो सुखहरुको स्रोत थियो, अहिले यो दुःखको कारण बन्न पुग्यो । हो, नदीले आफ्नो दुई किनाराको बिचमा बग्ने मर्यादाको उल्लंघन गरयो, त्यसलाई उसले तोड्यो । जसको कारण यो रुप बनेको हो । भनिएको पनिछ-

भटकती है दिशा से वो यकिनन्
नदी जब भी किनारे तोड्ती है ।

यस्तै प्रकारले जीवन पनि मर्यादा रुपी किनाराको बिचमा बग्ने एउटा धारा हो । जबसम्म जीवन मर्यादित छ, तबसम्म सबै कुरा राम्रो नै हुन्छ । जस्तै मर्यादाको उल्लंघन गरिन्छ, त्यस्तै कठिनाई र समास्याहरुले मानव घेरिने गरिन्छ ।

तामाको तारमा विद्युत दौडी रहेको हुन्छ । यदि त्यस विद्युतलाई रबले बाँधेको छ भने त्यसले हामीलाई केही गर्दैन, हामीलाई त्यसबाट सुख प्राप्त भइरहेको हुन्छ । यदि गल्तिबाट पनि रबर काटिन गएको खण्डमा करेन्ट लागेर धेरै ठूलो दुर्घटना हुन सक्छ । अखिर यस्तो किन हुन्छ ? हो विद्युतले आफूमा दौड्ने मर्यादालाई तोड्यो ।

अपनी सीमाओं के होकर, रहने का कुछ और मजा,
सुरज छु लेने का लालच, पंछी के पर लोल गया ।

समाज चाल-चलन, संस्कृतिको मर्यादामा आधारित छ । परिवारका प्रत्येक सदस्यहरुले मर्यादापूर्वक जीवन व्यतीत गर्छन् भने जीवन सुखमय बन्न जान्छ । सद्गुरु बाबा हरदेव सिंह जी महाराज भन्नु हुन्छ-'घरमा सबै सदस्यहरुलाई तथायोग्य सम्मान दिनु पर्छ ।

आमा हुन या सासु, बहिनी हुन या नन्द, बुवा हुन या ससुरा सबै एक नाता आफ्नो स्थानमा छ र आफ्नो महत्व रहेकोछ। जब कुनै पनि आफ्नो सीमाबाट बाहिर गयो भने गृहस्थमा हलचल हुनु स्वाभाविक हो।'

(पुस्तक 'गुरुदेव हरदेव भाग एक' पृष्ठ ९९ बाट)

खाना खानुको पनि एउटा मर्यादा हुन्छ। यदि तिनै समयको खाना एक साथमा खाएको खण्डमा त पेटको के अवस्था होला ? सुत्नुको पनि एउटा मर्यादा छ, चौबिस घण्टामा सात-आठ घण्टाको निन्द्रा पर्याप्त हुन्छ। कसैले कुम्भकर्णबाट प्रेरणा लिएर दुई दिनसम्म लगातार सुत्यो भने के अवस्था होला ?

रातो ट्राफिक बत्तिमा पर्खी रहनु कसैलाई राम्रो लाग्छ, मलाई त राम्रो लाग्दैन। त्यसबेला अझ धेरै रिस उठेर आउछ। तिन-चार मिनेटको पछि जब रातो ट्राफिक बत्ति हरियोमा परिणत हुन्छ, त्यति बेला मन शान्त हुन्छ। मनमा यो विचार आउछ कि कति राम्रो हुन्छ होला, यदि यो ट्राफिक बत्ति नै नभएको हो। बिना कारण यत्रो समय पर्खेर बर्बाद गर्नु पर्छ। यदि अघिल्लो मोडमा आइ पुग्दा त्यहाँ अझै ट्राफिक च्याप धेरै थियो, आध घण्टा कुर्नु परयो, यति बेला के सोचिन्छ कि पहिलेको नै ट्राफिक मोड ठिक थियो। केवल तीन-चार मिनेट मात्र पर्खनु परयो। पछि ध्यान आयो कि ट्राफिक हाम्रो फाईदाको लागि नै रहेछ। मर्यादा पनि ट्राफिक बत्तिको जस्तै हो। स्वयं नै अगाडि बढ्नु छ, कहिले अरुलाई अगाडि बढ्नको लागि मौका पनि दिनुछ, कहिले कहि स्वयंको वचन र कर्मलाई पनि रोक्नुछ। सडकमा ट्राफिक सिग्नलको अनुसार बाटो क्रस गर्दा दर्घटना हुने सम्भावना कम रहन्छ। यस्तै प्रकारले जीवनमा पनि मर्यादाको पालन गर्नुले मानव कठिनाई र समस्याहरुबाट बच्न सक्छ।

गुरुमतको पनि एउटा मर्यादा हुन्छ, गुरुशिखको मनको भाव बचन र कर्म सद्गुरुको आदेशानुसार हुनु जरुरी छ। धेरै समय सद्गुरुबाट पनि आफ्नो कुरा मनाउनेलाई गुरुमतको मर्यादाको मापदण्ड मान्नु पर्छ। ब्रम्हलीन सन्त भूपेन्द्र 'बेकल' जी को यो वचन यसबारेमा हामीलाई जागरुक गर्दछ-'गुरमतको मर्यादाको मापदण्ड यो नै हो कि मेरो कुरा गुरुले कति मानेको छ। गुरमतको मापदण्ड त यो हो कि मैले गुरुको कुरा कति मानेकोछु। यो गुरुको दयालुता हो कि जब यो देखिन्छ कि मेरो भक्त मान्नुको अवस्थामा छैन् भने त मैले उसको कुरालाई राख्नु हो तर त्यो मेरो गुरमतको प्रमाण पत्र भने होइन। गुरमत त लाईनमा हिड्नुको कुरा हो।

(सन्त निरंकारी पत्रिका मई १९९८ को पृष्ठ ७/८ बाट)

सद्गुरुको बचनहरुलाई जुन गुरसिखले ग्रहण गर्छ, तयसको जीवन सुखमय हुन जान्छ। त्यो मोक्षको अधिकारी बन्छ। जुन किन्तु, परन्तुको सहारा लिएर आफ्नो मनको गर्दछ, त्यसले आफ्नो जीवनमा दुःख पाउछ। भूतकाल, वर्तमान र भविष्यको ज्ञाता सद्गुरु प्रत्येक कुरामा राजा हुन्छ। हाम्रो लागि के राम्रो छ, त्यो सद्गुरुलाई सबै थहा हुन्छ। गुरमतको मर्यादा यो नै हो कि सद्गुरुको सबै आदेशलाई जस्ताको त्यस्तै पालन गर्दै जाओस।

दुईटै हात जोडी यो नै प्रार्थना छ कि सद्गुरु, दया गर कि हामी हरेक क्षण मर्यादामा रहौ, यो अनुभव सधै बनिरहोस कि गुरसिख त्यो नै हो जो मर्यादा होस्।

गुरु मर्यादा में हम, दाता रहें हरदम, यह आशिष दिजिए।
मन मर्जीन करे, तेरी मर्जी मे रहे, यह आशीष दिजिए

पत्रिका सम्बन्धि बिचार गोष्ठिको आयोजना

मुम्बई, १९ जनवरी । पत्रिका सम्बन्धि बिचार गोष्ठिको आयोजना नबी मुम्बईको खारघर समागम मैदानमा गरियो । उक्त छलफलमा नेपालबाट आउनु भएका सन्त निरंकारी मण्डल, नेपालका प्रधान परम आदरणिय महात्मा नर बहादुर रावलले नेपालमा सन्त निरंकारी नेपाली मासिक पत्रिकाको प्रचार-प्रसार गर्दै आएको तर यसको सदस्य नबन्नुको भाव व्यक्त गर्नु भयो । उहाँले सायद जुन पत्रिकाको मूल्य रहेकोछ, त्यो हाम्रा निम्न स्तरमा रहेका सन्तहरुको लागि अधिक भएर पनि सदस्य बन्न नसकेको हुन सक्ने धारणा राख्नु भयो । उहाँले अगाडि बताउनु भयो कि अफैपनि आफू अब नेपाल गएपछि पुनः यस प्रचार-प्रसार कार्यलाई नेपालका सबै स्थानहरुमा क्रमिक रुपबाट अगाडि बढाउदै लैजाने आशवास्न दिनु भयो । मुम्बईमा पनि नेपाली सन्तहरु पहिलेको जस्तो एक जुट नभएर अहिले फुटको संघारमा रहेकोमा गहिरो दुःख व्याक्त गर्नु भयो । उहाँले अहिले पनि सत्संगमा पुकारा गरिएको थियो कि सबै नेपाली सन्तहरु सत्संग समाप्ति पछि भेला हुनु होला भनेर तर हुनु पर्ने संख्यामा उपस्थित हुनु भएन । चाहेको खण्डमा त १००० भन्दा बढी आजीवन सदस्य यसै मुम्बईबाट मात्र बन्न सक्ने तर्क राख्नु भयो । त्यस्तै प्रकारले नेपालबाट आउनु भएका प्रकाशन बिभाग तथा सन्त निरंकारी नेपाली मासिक पत्रिका संवाददाता दिपक रावलले पनि आफूले पनि पत्रिकाको प्रचार-प्रसारलाई नेपालमा गरिरहेको तर जुन रुपमा हुनु पर्ने हो त्यो रुपमा नेपालमा पत्रिकाको प्रचार-प्रसार नभएको बताउनु भयो । यसको लागि सन्त निरंकारी मण्डल नेपालले जिम्मेवारी लिएर नेपाका सबै स्थानहरुमा जहाँ-जहाँ सत्संग हुन्छन् त्यहाँ-त्यहाँ पत्रिकाको महत्वको बारेमा बताएर त्यहाँबाट सदस्यता संख्या बढाउन सकिने बताउनु भयो । सन्त निरंकारी नेपाली मासिक पत्रिकाका सम्पादक पूर्ण कुमालले पत्रिका ६ वर्षमा प्रवेश हुनुमा बाबा जी को आशीवार्द तथा नेपाल र मुम्बईका महात्माहरुको आथक मिहनेत र प्रयासले गर्दा आज यहाँसम्म आई पुगेको बताउनु भयो । उहाँले सन्त निरंकारी

मण्डल, दिल्लीबाट बार-बार सदस्य संख्या बढानु परयो नत्र भने हामी पत्रिकालाई निरन्तरता दिन असमर्थ हुने छौ भनेर दबाब आउदै गरेकोले, हामीले पत्रिकाको सदस्य संख्यालाई बढाउनको लागि अरु मराठी भाषी महापुरुषहरुबाट पनि सहयोग प्राप्त गरयो। तर आज नेपालमा यति ठूलो संख्यामा हामी नेपाली सन्त भएर पनि यसको सदस्यता हासिल गर्न सकेका छैनौ, यो हाम्रो लागि निकै दुखको कुरा हो बताउनु भयो । उहाँले नेपालबाट आउनु भएका सन्त निरंकारी मण्डल, नेपालका प्रधान समक्ष बिन्ति गर्नु भयो कि यस पत्रिकाको बारेमा हजूर जहाँ जानु हुन्छ त्यहाँ दुई शब्द मात्र व्यक्त गरेको खण्डमा शायद सदस्य संख्यामा बृद्धि हुन सक्थ्यो बताउनु भयो। साथै उहाँले नेपालको प्रचार-प्रसार विभागलाई अलि जिम्मेवारी दिएर उहाँहरुको ध्यान यस कार्यतर्फ केन्द्रित गरेको खण्डमा थप बल प्राप्त हुने बताउनु भयो । सेवा गर्ने तरिका अनेकौ प्रकारका हुन्छन् । त्यसै मध्य पत्रिकाको आजीवन सदस्यता बन्नु पनि हाम्रो मिशनमा एक सेवा हो । बाबा जी ले बार-बार सबै सन्तहरुलाई पत्रिकाको सदस्य लिन आग्रह गर्दै आउनु भएकोछ। अतः हामीले बाबा जी को बचनलाई स्विकार गरेर सबै नेपाली सन्तहरुले चाँडोभन्दा चाँडो सदस्यता लिनु पर्ने उहाँले बताउनु भयो। त्यस्तै प्रकारले सन्त निरंकारी नेपाली मासिक पत्रिकाका उप सम्पादक अर्जुन मायालती ले पनि आफूहरुले सदस्यताको लागि धेरै प्रयास गर्दै आएको तर सोचे अनुसारको सदस्य नबनेकोमा आश्चर्य प्रकट गर्नु भयो । उहाँले आज नेपाली सन्तहरुभन्दा यहाँ मुम्बईका अन्य भाषी सन्तहरुले यस कार्यमा सहयोग गरेकोमा धन्यवाद दिनु भयो।

यसरी उक्त छलफलमा सेवादल शिक्षक बल बहादुर सिंह, सेवादल प्रेम सिंह, समाज सेवक रमेशलाल सिंह (गोवण्डी), प्रचारक मोहन सिंह, सेवादल शिक्षक इन्द्र सिंह, प्रचारक सुवास सिंह, सह सम्पादक सुरेन्द्र खड्का लगातका महात्महरुको उपस्थिति रहेको थियो । २४ तारिकका निकालिने जुलुसमा सम्पूर्ण नेपाली सन्तहरुले नेपाली भेषभूषामा उपस्थित हुन समेत आग्रह गरिएको थियो । स्मरण रहोस कि १९ जनवरीका दिन नवी मुम्बईको सिबिडि बेलापुरदेखि खार समागम मैदानसम्म मानव श्रृंखलाको पनि आयोजना गरिएको थियो जसमा नेपालका प्रधान परम आदरणिय महात्मा नर बहादुर रावल ज्यू लगायत नेपाली सन्तहरुको उत्हाजनक उपस्थिति रहेको थियो । उक्त मानव श्रृंखलामा मुम्बईका करिब २०००० सन्तहरुले भाग लिएका थिए । कार्यक्रमको सञ्चालन अर्जन मायालतीले गर्नु भएको थियो

मानव श्रृंखलाको आयोजना

अमर ताम्राकार

नवी मुम्बई, १९ जनवरी । संसारमा सर्वश्रेष्ठ मानवीय मूल्यलाई बढावा दिन तथा चर्मराएको मानवीय मूल्यको सम्वर्द्धनका लागि जागृति प्रदान गर्नेहेतुले लगभग २०,००० निरंकारी भक्तहरुद्वारा १९ जनवरी २०१३ का दिन सी.बी.डी बेलापुरको सुनिल गावस्कर मैदानदेखि खारघरको सेन्ट्रल पार्कको छेउ स्थित सिड्को मैदानसम्म मानव संखलाको आयोजना गरिएको थियो।

मुम्बई, नवी मुम्बई तथा छेउ-छाउका स्थानहरुबाट आएका निरंकारी श्रद्धालुहरुले मानव श्रृंखलामा ठुलो उत्साहका साथ भागलिनुको साथै र एकर्काको हात समातेर मानवीय मूल्य प्रति सजग हुन सबैलाई प्रेरणा दिए । श्रद्धालु भक्तहरु यसका साथै मानवीय मूल्यको एउटा अनुपम उदाहरण आफ्नै आँखाले हेर्नको लागि २४ देखि २६ जनवरीसम्म खारघरमा हुन गइरहेको ४७ औं वार्षिक निरंकारी सन्त समागममा आउन सबैलाई हार्दिक निमन्त्रण दिइरहेका थिए।

यो मानव श्रृखलाको विधिवत उद्घाटन सन्त समागमका संयोजक श्री शम्भुनाथ तिवारी ज्यूले बिहान ८:३० बजे सुनिल गावस्कर मैदान सी.बी.डी. बेलापुरमा चारैतिर मिशनका सन्देशहरु लेखिएको बलुनहरु छोडेर गर्नुभयो भने उक्त श्रृंखलाको पल्लो छेउ अर्थात् सेन्ट्रल पार्कको नजिकै स्थानीय आमदार श्री प्रशान्त ठाकुर ज्यूले उपस्थित् भइ मिशनको यो कल्याणकारी कार्यको प्रशंशा गर्नुभयो।

यो मानव श्रृंखलामा सहभागि सबै श्रद्धालु भक्तहरुले मानवीय मूल्यप्रति जागरुकता प्रदान गर्नेखाले तथा सामाजिक कर्तव्यहरु प्रति सजग गर्नेखाले सन्देशहरु लेखिएका प्लेकार्डहरु तथा व्यानर्सहरु बोकेकाथिए । सबै भक्तजनहरु भक्ति गीत गाएर जन गागृति फैलाइरहेकाथिए।

यो मानव श्रृंखलाबाट मानवताको पुनर्स्थापना गर्नको लागि आन्तरिक एकताको भावना हुनु जरुरी भएको कुरा सबैले बुझ्न पर्छ भन्ने कुरा छलङ्ग पारीरहेकोथियो । आन्तरिक एकताको भावनाले मानव आत्मकेन्द्रित बन्दछ र स्वार्थवृत्ति भन्दा माथि उठेर सबैको भलाइको लागि प्रयत्नशील हुनसक्छ।

पुराना धर्म ग्रन्थहरुमा भनिए झै निरंकारी मिशनको पनि यो मानव जन्म अत्यन्त मूल्यवान अर्थात दुर्लभ छ भन्ने मान्यता छ । मानवलाई विधाताले सद्बुद्धि एवम् विवेकको वरदान दिएको छ र त्यो विवेकद्वारा मानवले यो जीवनको मुख्य उद्देश्य थाह पाउन सक्छ र यो धर्तीलाई स्वर्गको रुप दिन सक्छ । जब मान्छे मानवीय गुणहरु धारण गर्दछ भने संसारमा प्रेम, शान्ति एवम् शान्तिपूर्ण सह-अस्तित्वको वातावरण स्थापित हुन सक्नेछ सन्देश यस मानव श्रृंखलाले दर्शाई रहेको थियो।

भन्छ अवतार

मूल पंजाबी

१ तूही निरंकार (३५)

स.अ.बा.सं.(३५)

निरंकार नूं जो पहचाणे नौकर उसदा कुल जहान।
चाकर धरती अग ते पाणी चन्न सूरज तारे असमान।
एहदी याद करी जा बंदे माल खजाने पाएंगा।
एहदी याद करी जा बंदे रब अन्दर वस जाएंगा।
एहदी याद करी जा बंदे जप ते पूजा पाठ है एह।
एहदी याद करी जा बंदे सब दुखां दी काट है एह।
एहदी याद करी जा बंदे तीरथ ते इश्नान है एह। एहदी
याद करी जा बंदे सुच पुन्न त दान है एह।
निरंकार नूं याद करें तां शाकर तूं हो जाएंगा।
निरंकार नूं याद करें तां जीवन दा फल पाएंगा।

नेपाली रूपान्तर

निरंकारलाई जान्दछ जसले कुल सृष्टि बन्ने छ दास।
चाकर बन्द छ अग्नि पानी चन्द्र सूर्य अनि आकाश।
यीनको ध्यान गर हे मानव जगमा धन-सम्पत्ति पाउंछौ।
यीनको याद गर हे मानव प्रभुमा तिमीले वास पाउंछौ ।
यीनको याद गर हे मानव जप अनि पुजा- पाठ हो यो।
यीनको याद गर हे मानव दुःख कष्टको काट हो यो।
यीनको याद गर हे मानव तीर्थ अनि स्नान हो यो।
यीनको याद गर हे मानव संयम पुण्य अरु दान हो यो
निरंकारलाई जान्दछ जसले धन्य यो जीवन हुँन्छ।
निरंकारलाई जान्दछ जसले जीवनको फल पाँउछ।

भावार्थ

युग पुरुष बाबा अवतार सिंह जी उपरोक्त शब्दहरुको माध्यामबाट प्रभुको जानकारी भइसकेपछि मानवको जीवनमा प्राप्त हुने लाभको खण्डन गर्दै सम्झाउनु हुन्छ- जसले प्रभुलाई जान्दछ, त्यसको अधिनमा रहेका प्रकृति, अग्नि, पानी, चन्द्र, सूर्य र धरती आदि प्रकृतिका अंशहरु सेवा गर्न थाल्छन् । यस प्रभु परमात्माको ध्यान गरेपछि यसले आफ्ना भक्तहरुलाई कुनै कुराको कमतरता हुन दिदैन। प्रभुसंग जसको नाता जोडिन्छ त्यसको स्वरुप नै ईश्वरको हुन्छ । यसको ध्यान गर्नु भनेको यसको वास्तविक पूजा -आर्चना र जप गर्नु हो । प्रभु परमात्मा निरंकार ईश्वरको ध्यान गर्नाले सुम्पूर्ण दुःखको विनाश हुन्छ । यसको ध्यान गर्नु नै साँचो तिर्थ स्थल, पुण्यदान हो। निरंकार प्रभुको ध्यान गर्नाले सुख-शान्ति र जीवन सार्थक हुन्छ । सद्गुरुले जसलाई ज्ञान दिन्छ त्यसले मात्र प्रभुलाई जान्न सक्दछ । शहनशाह बाबा जी फेरी यस पदमा यो प्रभुको बयान गर्दै भन्नुहुन्छ - प्रकृति परमात्माको अधीनमा छ भने मानिस परमात्माको स्वाधीन छ यसैले प्रकृति अनुकूल बनिन्छ । ईश्वरको ध्यान गरेपछि भक्त कहिलै पनि संसारिक धन सम्पतिमा कमजोर हुदैन किन भने ईश्वरको ध्यानले गर्दा ईश्वरको स्वरुप बनिछ। यसैले पूजा, पाठ, जप-तप गर्नको आवश्यकता हुँदैन यसको आनन्द स्वरुप भएका कारणले ध्यान गर्ने व्यक्ति कहिलै दुःखी हुँदैन।

जबसम्म ईश्वरको ज्ञान हुँदैन तबसम्म जीवनको कल्याण तथा घर परिवारमा सुखले प्रवेश गर्दैन । यसैले ईश्वरको ज्ञान प्राप्त गर्नको निम्ति समयको सद्गुरुलाई जान्न जरुरी छ । जुन सुयोग्य व्यक्ति हुन्छ त्यसले सर्वप्रथम ब्रम्हवेत्ता सद्गुरुको खोज गर्दछ । र यस्ता जिज्ञासु व्यक्तिलाई सद्गुरुले पनि एक क्षणमा पारब्रहम परमपिता परमात्माको दर्शन गराउँछ । वर्तमान समयमा पूर्ण सद्गुरुको रुपमा यो धरतीमा सद्गुरु बाबा हरदेव सिंह जी महाराज हुनुहुन्छ उहाँको चरणमा जो नतमस्तक हुन्छ त्यसले यो पारब्रहमलाई जानेर आफ्नो जीवन सार्थक बनाउन सक्छ।

सद्गुरु बाबा जीको
छत्रछायामा नोयडा (उ.प्र.)
मा आयोजित सत्सँग
समारोहमा भक्ति गीत
प्रस्तुत्गर्दै बहिनीहरु



सन्त निरंकारी
पब्लिक स्कुलका
बालबालिकाहरुद्वारा
मानवीय मूल्यको
उत्थानको लागि
निकालिएको
र्यालीको दृश्य

सद्गुरु बाबा जीको
छत्रछायामा दिपावलीको
अवसरमा समागम मैदान
दिल्लीमा आयोजित सत्सँग
समारोहमा आफ्ना
भावहरु व्यक्त गर्नुहुदै
श्रद्धालुहरु

RNI NO. MAHNEP/2009/29582
Postal Regd. No. MH/MR/EAST/186/2013-2015
Posted at Dadar Head Post Office, Mumbai-400 014
on dated 2nd of every month

६६औं निरंकारी सन्त समागमको अवसरमा लगाइएको भव्य निरंकारी प्रदर्शनीको अवलोकन गर्नुहुदै सद्गुरु बाबा जी

'अतर्राष्ट्रीय सहनशीलता दीवस' को अवसरमा दिल्लीमा आयोजित मोटर साईकल च्यालीका सहभागिहरुलाई आशीर्वाद प्रदान गर्नुहुदै सद्गुरु बाबा जी एवम् पूज्य माता जी



समागम मैदान दिल्लीमा आयोजित सामूहिक विवाह समारोहमा परिणय सूत्रमा बाँधिन गइरहेका वर-वधुहरुलाई आशीर्वाद प्रदान गर्नुहुदैसद्गुरु बाबा जी एवम् पूज्य माता जी